साप्ताहिक


गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY | माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ | अंक २४ | २०८२ पुस २२ गते | मंगलबार | (Jan.6, 2026) | मूल्य रू. १०/-

## प्रचण्डको दिल्ली दौडाह




नेकपाका संयोजक प्रचण्ड दिल्ली पुगेका छन् । तत्कालीन माओवादी र नेकपा एसको प्रवासी संगठनहरूको एकता सन्देश सभालाई संवोधन गर्न दिल्ली भ्रमणमा गएको भनिए पनि चुनावको चटारोको स्थितिमा प्रचण्ड भारतीय कम्युनिष्टहरू र भारतीय संस्थापनको निकटस्थहरूसँग चुनावमा सहयोगको वातावरण बनाउन गएको बुझ्न सकिन्छ । माओवादी पुरानो स्थितिमा नरहेको, १६ पार्टी मिलाएर नेकपा बनाएको र आफू त्यसको संयोजक रहेको प्रष्ट पार्न पनि प्रचण्डको भ्रमण भएको हुनसक्छ । विज्ञहरू भन्छन्- यो भ्रमणमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसम्म प्रचण्ड आएको नोटिससम्म मात्र पुग्यो होला, थप केही हुनसकेको देखिएन ।

स्मरणीय छ, प्रचण्डले १० वर्षे माओवादी जनयुद्धकालमा भारतमै बसेर नेपालमा जनयुद्ध लडेका थिए । नेपालमा जेनजी आन्दोलनपछि पाखामा पछारिएका ठूला दलहरूप्रति भन्दा नयाँतिर भारतले चासो राख्न थालेको चर्चा चलेको छ ।

## चुनावको सुरक्षा सेनाको काँधमा



फागुन २१ को चुनावमा नेपाल प्रहरी, सशस्त्रले आफ्नो जिम्मेवारी पूरा गर्नेछन् । यी दुबै सुरक्षा निकायलाई मजबुत पार्ने र निष्पक्ष र धाँधलीरहित चुनाव सम्पन्न गराउन ८० हजार सेना परिचालन गरिने भएको छ ।

निर्वाचनको सुरक्षाका लागि ८० हजार सेना खटिएपछि कुनै पनि अपराधिक र हिंसात्मक घटना हुनसक्ने देखिदैन । एयरपोर्ट, कारगार, प्रतिष्ठान, उमेदावार, पार्टीका प्रतिनिधि, मतदान केन्द्र, मतदाता, मतपेटिकाको सुरक्षाका लागि समेत सेनाले योजना तैयार गरेको छ । यो जानकारी नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले दिएका छन् । आफूले पाएको कार्यादेशअनुसार जहाँ जहाँ संवेदनशीलता छन्, त्यहाँ त्यहाँ सेनाले बेश खडा गर्न थालिसकेका छन् ।

सेनामा मात्र होइन, सशस्त्र, प्रहरी र डेढलाख म्यादी प्रहरीसमेत भर्ना गर्ने र चुनाव केन्द्रीत सुरक्षालगायतका तालिम, अन्तरसम्बन्धका विषयमा योजना बनाउन थालिएको छ । सेनाका प्रवक्ताका अनुसार 'एकीकृत सुरक्षा योजना अनुसार नै हामी एक महिना पहिलेबाट मात्रै फिल्डमा खटिन्छौं ।' नेपाली सेनाप्रति जनताको भरोसा भएकाले चुनावमा कुनै प्रकारको असुरक्षा हुन नसक्ने विश्वास बढेको छ ।

जनपथ, सशस्त्र र राष्ट्रिय अनुसन्धानका सुरक्षा जनशक्तिलाई चुनावमा के कसरी खटाउने, कसकसलाई कस्तो जिम्मेवारी दिने भन्ने विषयमासेनालाई जिम्मेवारी हस्तान्तरण गरिनेछ । यसका लागि सुरक्षा समन्वयको जिम्मा सेनाले लिनेछ ।

चुनावको सुरक्षामा अनुभवी सेनाले अन्तिम सुरक्षाघेरा र रणनीति बनाउने छ । यसपल्टको चुनावमा ६४ पार्टीले ५८ चुनाव चिन्हमा चुनाव लड्ने छन् । मतदाता सूची, मतपत्र छाप्ने, समानुपातिकलाई अन्तिम रूप दिने र फागुन १२ भित्रै जिल्ला जिल्लामा पुऱ्याउने कार्यमा निर्वाचन आयोग लागिसकेको छ ।

## नयाँ चिनियाँ राजदूतमा मामोनिङ



चीनले नेपालका लागि राजदूतमा झाङ मामोनिङलाई नियुक्त गरेको छ । विदेश मन्त्रालयको एसिया विभागमा उप-महानिर्देशकका रूपमा कार्यरत थिए ।

फिर्ता डाकिएका राजदूत चेन सोङलाई एकतह बढुवा गर्दै अझ महत्वपूर्ण विभागमा जिम्मेवारी दिइएको छ । मामोनिङ् दक्षिण एसियाविज्ञ हुन् र उनी सैनिक रणनीतिकार पनि मानिन्छन् । राष्ट्रपति सीका विश्वासपात्र मध्येका मानिने मामोनिङलाई नेपालका लागि राजदूत खटाइनुमा चीनले आफ्नो सुरक्षा चासोलाई झन बढी महत्व दिएको देखिन्छ ।

## नेपाली कांग्रेस डाइनोसर हुँदैछ



८ दशक लामो इतिहास भएको नेपाली कांग्रेस डाइनासोर हुने खतरनाक मोडमा पुगेको छ । नेपाली प्रजातन्त्रको बिडा उठाएको कांग्रेस धेरै संघर्ष र पटक पटक पटक सत्ताको बागडोरमा पुगेर पनि असफल देखिन्छ । नेपालको प्रजातन्त्रको धरोहर नेपाली कांग्रेस संघर्ष, राजनीतिक शिखर आरोहण र बदनामी र सतहमै झर्नेमात्र होइन, डाइनासोरझैं बिलीन हुने त होइन भन्ने भीरमा आइपुगेको छ ।

जेनजी पुस्ताले पार्टी सभापतिका दम्पत्ति नै रगतपच्छे हुनेगरी कुटिएपछि र घर र अकूत सम्पत्तिलाई आगो लगाएर खरानी बनाइएपछि कांग्रेस राजनीति तरल हुनपुगेको थियो । वीपीका पुत्र र बाँकी शेखर, सशांक, सुजाता पनि दिग्भ्रमित भएको अवस्था छ भने वीपीका अनुयायी सभापति शेरबहादुर देउवा स्वयम् निर्वाचन कि संसद पुनर्स्थापना, नियमित कि विशेष महाधिवेशन भन्ने निर्णयसम्म गर्न नसकेर बहुमतको माग र विधि लत्याउन पुग्दा घरको न घाटको भएको छ ।

# विश्वसनीय निर्वाचन होला

वर्षदिनभित्र ९ देशमा निर्वाचन हुँदैछ । नेपालमा फागुन २१ निर्वाचनको तिथि हो । यो निर्वाचन हुन्छ कि हुन्न, संशय बाँकी नै छ तर कांग्रेस, एमाले र माओवादीले निर्वाचन आयोगका निर्णयहरू पछ्याएर समानुपातिक बन्द सूचीसमेत बुझाइसकेकाले निर्वाचनको वातावरण बन्न थालेको बुझ्न सकिन्छ ।

प्रधानमन्त्रीको आग्रहमा राष्ट्रपतिले यी तीन ठूला दलका प्रमुखलाई एकै ठाउँमा राखेर मन माझामाझ गराएपछि गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई बयान दिने र निर्वाचनमा जाने लचकता विकसित भएको हो । सुशीला कार्की सरकारलाई अवैधानिक भनेर ठाडै अस्वीकार गर्ने पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली बालुवाटार नै पुगेर प्रधानमन्त्रीसँग भेटवार्ता समेत गर्नु निर्वाचनप्रति लचकताको अर्को पक्ष हो ।

चुनावतर्फ ठूला पार्टी सहज हुनथालेका मात्र होइन, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने जेलबाट धरौटीमा छुट्नु, उनले चर्चित मेयर बालेन साह र प्राविधिक ज्ञाता तथा सफल प्रशासक मानिएका कुलमान घिसिङलाई पार्टीमा भित्र्याएर चुनावबाट नयाँ परिवर्तन ल्याउने शंखघोष गर्नुले पनि स्थापित तीन ध्रुवीय प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवा, समाजवाद र सर्वहारावादी एमालेका केपी ओली र नेकपाका प्रचण्डवीच अतास देखिने गरी चुनावी गठबन्धनका प्रयासहरू पनि देखिएका छन् ।

अर्थात् फागुन २१ को चुनावमा कांग्रेस, एमाले, नेकपा र रास्वपावीच भाले भिडन्त हुने अड्कलबाजी सुरू भइसकेको छ ।

बालेन र कुलमानलाई रास्वपामा भित्र्याउन अहम् भूमिका खेले प्रधानमन्त्रीले जेठो छोरो भनेका सुदन गुरूङले । ०४६ सालमा भारतीयहरू गणेशमान सिंहको घर चाक्सीवासीमा आएपछि त्यही सन्देशको बलमा बहुदल आएको थियो । ०६३ सालमा अमुक दूतावासहरूमा छलफल पछिको सन्देशको बलमा ८ दलले परिवर्तन ल्याएका थिए । अहिले सुदन गुरूङ सतहमा देखिए पनि चुनावसम्म कस कसको सन्देश कता कताबाट आउने हो, हेर्न बाँकी नै छ । यद्यपि सडकदेखि सरकारसम्म सर्वपक्षीय सरकार, संसद पुनर्स्थापना, राष्ट्रिय मुद्दामा जनमत संग्रहका आवाजहरू उठेका छन्, तथापि फागुन २१ चुनावलाई जेनजी आन्दोलनपछिको अन्यौलको बिकल्प हो भन्ने भाष्य बनाइएको छ ।

यसैवीच सुदन गुरूङ जेनजी आन्दोलन, अन्तरिम सरकार गठनदेखि रवि, बालेन र कुलमान मिलाउने कार्यसम्म आयपुग्दा रहस्यमय पात्र बनेका छन् । सुदन कहिले चुनाव भन्छन्, कहिले संसद व्यूँताएर संविधान संशोधन गर्ने तर्क झिक्छन् । ओलीलाई प्रधानमन्त्री बनाउने कुरा पनि गर्छन् । अहिले बालेनलाई भावी प्रधानमन्त्रीका रूपमा खडा गरिएको छ । एकता, पार्टी र व्यक्ति एकीकरणका विधिलायतका विषयमा चुनावपछि रास्वपाले स्पष्ट पार्ला नै । स्वयम् प्रम कार्कीले निर्दलीय सरकारको नेतृत्व गर्ने र चुनाव गराउने भने पनि चुनाव अघि नै अन्तरिम सरकार दलीयकरण भइसकेको छ । अन्य पार्टी र नेताहरूले पनि अनेक अनुत्तरित प्रश्नको जवाफदेहिताबाट भाग्न पाउने छैनन् ।

जेनजीले बालेनलाई प्रधानमन्त्री बनाउन खोजे पनि उनी अगाडि सरेनन् र सुशीला कार्कीलाई सिफारिस गरे । आफ्नै सहयोग ओमप्रकाश अर्याललाई गृह र बब्लु गुप्तालाई खेलकुद मन्त्री बनाए । बालेन, मन्त्री कुलमान र अन्य मन्त्रीहरू रास्वपा प्रवेश गरिसकेका छन् । सञ्चारमन्त्री जगदिश खरेल समेत प्रत्यक्ष निर्वाचन लड्न सक्छन् । यो सरकारले गराएको निर्वाचन परिणाममा प्रश्न उठ्ने ठाउँ रहन्छ । राजनीतिक र कूटनीतिक बृत्तमा चासो छ- निर्वाचन परिणाम म्यानमारमा जसरी अस्वीकार गर्ने घटना नघटोस् । खतरा के पनि छ भने भदौ २४ मा अदालत, सिंहदरवार, राष्ट्रपति भवन लगायतका व्यक्ति र राज्यका सम्पत्ति सम्पदामा आगो लगाउनु र जेलबाट कैदी भगाएर प्रहरीका गोली र हतियार लुट्नु नियोजित षडयन्त्र नभनियोस् ।

मुख्य कुरो अन्तरिम सरकार बन्नासाथ भारत, चीन र अमेरिकाले स्वागत गरेको थियो । नेपालको चुनावका लागि सहयोग गर्ने मुलुक पनि तिनै हुन् । चुनावप्रति अविश्वास उठाउने संशयको अहिले नै निवारण हुनु जरूरी देखिदैछ ।

सबैभन्दा व्यापक चासो, संसद पुनस्थापना र अन्तरिम सरकारको बैधतामा संवैधानिक अदालतले कस्तो फैसला गर्ला भन्नेमा छ । अहिले न्यायधीशहरूलाई धम्की आएको गुनासो स्वयम् प्रधानन्यायाधीशले गरिरहेको सन्दर्भ पनि यो प्रश्नमा जोडिन आउँछ । ८ वर्ष लगाएर २०७२ मा जारी भएको संविधान त्यसै पनि असफल भइसकेको छ, सिधै अचानोमा पर्ने जोखिम पनि देखिन्छ ।

संविधानलाई स्वार्थपूर्तिको हतियार बनाउने राजनीतिक प्रवृत्ति २०५१ को टनकपुर सन्धिलाई सहमति भनेर ढाटेदेखिकै हो । २०६१ मा पनि संसद बिघटन भएकै हो । ओलीले




संविधानविपरित दुईपल्ट संसद भंग गरिदिए, अदालतले अवैध भनिदियो ।

२०६३ वैशाख ११ गते राजालाई बाध्य पारेर मरेको संसद ब्यूँताइयो, जसको बिस्तारित घटनाक्रम आजको हो । संसद जनताको प्रतिनिधित्व हुने सार्वभौम संस्था हुनुपर्ने हो, नेताहरूले निरन्तर मौजा बनाइरहे । जनमतबाट होइन, नेतातन्त्रको दादागिरीबाट गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताको खोरियामा भ्रष्टाचारको फसल उब्जाएर भित्र्याउने यिनै दल र नेताहरू हुन् । जसको दुष्परिणाम भदौ २३, २४ को जेनजी बिस्फोट हो । राज्यले ७८ जना जेनजीको ज्यानै लिएर नरसंहार मच्चाउन पुगेको थियो ।

नेपाली राजनीतिले जुन दिशातिर यू टर्न लिए पनि फेरि भदौ २३ र २४ को जस्तो जेनजीले सुनामी ल्याउन नपरोस् । पुराना नेताहरू खासगरी प्रचण्ड, देउवा, ओलीहरूले आत्मसमीक्षा गरून्, नयाँहरूले विधिमा चल्ने निर्णय गरून् । जनअपेक्षाको संवोधन यसैमा हुनेछ । अन्यथा चुनाव होला, स्वीकार्य नहोला । यसको परिणाम हिंसात्मक र भयाबह हुनसक्नेछ ।

## कसले फुटाउँछ, कसले जुटाउँछ ?

नेता नेता, पार्टी पार्टीलाई कसले उचाल्छ, कसले पछार्छ ? कसले जोड्छ, तोड्छ ? कसले खेलाउँछ, चलाउँछ ? रहस्यमय छ । दिनदिनै पार्टी र नेताको अवस्था दयनीय बन्दै गएको छ । यही कारण नेता, नीति, विधि, पद्धति फेल भएका छन् । अस्थिरता बढ्दै गएको छ । पछिल्लो जुटेका उदाहरण हुन् बालेन्द्र साह, रवि लामिछाने र कुलमान घिसिङ । यिनलाई जेनजीले जोडे कि अदृश्य शक्तिले ? यिनीहरू स्थिरताका प्रतीक हुन् कि अस्थिरता ?




# जेनजी आन्दोलन शासन प्रशासनको मार्गदर्शन बन्दै

जे नहुनुपर्ने थियो, भइसक्यो । राजनीतिक दुर्घटना घटिसक्यो । घटना इतिहास बनिसक्यो, यो इतिहासबाट शिक्षा लिने हो भने नेपाली नेताहरूले सोच सच्याउन सक्छन्, जनताको अपेक्षाअनुसार अघि बढ्न सक्छन् ।

भदौ २३ र २४ को जेनजी आन्दोलनले नेपालमा सुशासनको नयाँ बहस सुरू भएको छ । नेपालमा फैलिएको भ्रष्टाचार, नेपोटिजम र अपराधीक राजनीतिको न्यूनिकरण हुने आशा जगाएको छ । नेता र प्रशासकले राम्ररी बुझे कि अनियमितताको बिलाशिता टिकाउ नहुने रहेछ, कुनै पनि बेला राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा घृणित हुनुपर्ने रहेछ । जेनजी पुस्ताले चाहे भने सबै खरानी पार्न सक्नेरहेछ ।

जेनजी आन्दोलनले नेपालमा विद्यमान पद्धति परिवर्तनदेखि अवसरको खोजीसम्मका लागि भइरहेको हो भन्ने सबैले बुझ्न सके । जेनजी पुस्ताले सुरक्षित भविष्य र न्यायपूर्ण समाज र जवाफेदहीपूर्ण नेतृत्व खोजेका छन् । फागुन २१ मा निर्धारित चुनाव जेनजी पुस्ताका सबै एजेण्डाहरूलाई संवोधन गर्ने प्रत्याभूति हुनैपर्ने बाध्यात्मक राजनीतिक वातावरण सिर्जना गरिदिएको छ ।

यसकारण फागुन २१ को चुनाव, परम्परागत रूपमा हुनेछैन, मासुभात र खर्चपानी दिएर चुनाव जित्न सकिनेछैन, यसपटकको चुनाव सही जनप्रतिनिधिले जित्नसक्ने देखिन्छ । नेपोटिजम र स्वार्थ कतिसम्म घृणायोग्य छ भन्ने कुरा चुनावमा सिफारिस भएका र समानुपातिकमा राखिएका बदनाम, नातावाद र असमावेशी नामबाट पार्टीहरूलाई खुलस्त शिक्षा दिइसकेको छ ।

जेनजी पुस्ताले २७ घण्टामा स्थापित गलत पद्धति, असफल संविधान खरानी पारेर दिएको सन्देश भनेको कि त जनताको इच्छा आकांक्षा संवोधन गर, कि त शासन, प्रशासनबाट पन्छिउ भन्ने नै हो । जो अटेरी भएर अनियमिततामा लिप्त हुन्छ, आउने दिन तिनीहरूका लागि दुर्भाग्यजनक परिणाम बेहोर्नुपर्ने संकेत निश्चित छ ।

तत्कालीन केपी ओली सरकारले २६ वटा सामाजिक सञ्जालमा प्रतिवन्ध लगाउँदा युवा भड्किए, अभिभावक रिसाए, आक्रोश सडकमा पुग्यो । आक्रोशमाथि राज्य दमन गर्न गोली चलाउँदा भदौ २३ गते १९ र २४ गते जेनजी पुस्ताको नरसंहार नै हुनपुग्यो । ७८ जना मारिए, हजारौं अंगभंग भएर जीवन बाँच्न कठिन अवस्थामा पुगे । अझै जेनजी पुस्तामाथि राज्यकहर भइरहेकै छ । यसैको प्रतिरोधमा आगो लाग्यो र लोकतान्त्रिक गणतन्त्रमा खडा भएको असक्षम संविधान खरानी खरानी हुनपुग्यो ।



नेपालको यो जेनजी पुस्ताको आन्दोलनलाई सन २०२२ को श्रीलंकामा भएको जनबिद्रोह, बंगलादेशमा भएको न्यायको माग गर्दा भएको शेख हसिनाको राज्यदमनसँग जोडेर हेर्ने गरिएको छ । जेनजी पुस्ताले उदाहरण स्थापित गरिदिएका छन्- जब जनताको गाँस बास खोसिन्छ, राजस्वमा भ्रष्टाचार बढ्छ र नेपोटिजमलाई लोकतन्त्र भनिन्छ, तब बिद्रोह हुन्छ । देश र जनताप्रति जिम्मेवार हुनुपर्छ भन्ने शिक्षा दिन्छ ।

केन्यादेखि पेरूसम्म जेनजी असन्तोष सडकमा छाल बनेर उर्लिएका छन् । व्यापक जनसमर्थन पाएका छन् । राज्यदमनले टाउको झुकाएको छ । जेनजी पुस्ताको लडाइँ नेपोटिजम र भ्रष्टाचार विरूद्ध हो । समानता, योग्यताको कदर, अवसर, न्यायको खोजी र पारदर्शिताको माग जेनजीको आन्दोलन हो । जेनजीको आन्दोलनले जवाफदेहिता बलियो बनाउन मद्दत गरेको छ । जिम्मेवार हुने कि घृणित बन्ने ? आइन्दा प्रत्येक शासक, प्रशासकले जवाफ दिनैपर्ने समय आएको छ ।

## आक्रोशदेखि समीकरणसम्म



**रमेश कुमार बोहोरा –**

राजनीतिमा पात्र फेरिनु कुनै नौलो कुरा होइन । समयसँगै अनुहार बदलिन्छन्, नाम बदलिन्छन्, दलका झण्डा फेरिन्छन् । तर पात्रसँगै राजनीतिक संस्कार, दृष्टिकोण र उत्तरदायित्व पनि बदलिन्छ कि बदलिँदैन भन्ने प्रश्न भने सधैँ अनुत्तरितझैँ रहँदै आएको छ । यही प्रश्नको केन्द्रमा आज काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह उभिएका छन् । स्थानीय सरकारको नेतृत्वबाट राष्ट्रिय राजनीतितर्फ उन्मुख हुँदै गर्दा उनले बोकेको अपेक्षाको भारी सामान्य छैन । यो समकालीन नेपाली समाजको निराशा, आक्रोश र आशा तीनैको संयुक्त प्रतिबिम्ब हो ।

बालेन्द्र साहको उदय दलतन्त्र र नेतातन्त्रप्रति बढ्दै गएको असन्तुष्टिको प्रत्यक्ष परिणाम हो । २०७९ सालको स्थानीय तह निर्वाचनमा ६१ हजार ७ सय ६७ मतसहित काठमाडौं महानगरको मेयर निर्वाचित हुँदा उनले केवल चुनाव जितेका थिएनन् । उनले स्थापित राजनीतिक संरचनामाथि प्रश्न उठाउँदै वैकल्पिक नेतृत्वको खोजलाई मूर्त रूप दिएका थिए । त्यो मत मत मूलत: थाकेको समाजको आवेग, वितृष्णा र आक्रोशको अभिव्यक्ति थियो ।

त्यसपछि बालेन्द्रको लोकप्रियता निरन्तर उकालो लाग्यो । पुराना दल र तिनका नेताप्रति वितृष्ण बनेको समाजले बालेनमा 'भिन्नता' देख्यो । उसले 'आशा' देख्यो र अझ महत्त्वपूर्ण कुरा उसले 'प्रतिरोध' को सम्भावना देख्यो । यही सम्भावनाले बालेनलाई एक स्थानीय जनप्रतिनिधिबाट राष्ट्रिय चासोको पात्र बनायो ।

बालेन्द्रको लोकप्रियता वैचारिक स्पष्टताको परिणाम होइन । यो असन्तुष्ट समाजको मनोवैज्ञानिक प्रतिक्रिया हो । यो त्यस्तो समाजको प्रतिक्रिया हो जसले पुराना राजनीतिक विकल्पमा आफूलाई देख्न छोडिसकेको छ । यही समाजले तत्कालीन आवेगलाई नेता खोज्ने प्रक्रियामा बालेन्द्रलाई केन्द्रमा राखेको छ । तर आवेग र नेतृत्वबीच ठूलो दूरी हुन्छ । आवेग क्षणिक हुन्छ । नेतृत्व दीर्घकालीन । यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भएको सहमतिले नेपाली राजनीतिमा गहिरो तरंग पैदा गरेको छ । केही दिनको छलफलपछि शक्ति बाँडफाँटमा आधारित सहमति सार्वजनिक हुनु सामान्य राजनीतिक घटना होइन । बालेनले रविलाई पार्टी अध्यक्ष स्वीकार्ने र रविले बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने सहमति केवल चुनावी तालमेल मात्र होइन । यो सत्ता-केन्द्रित समझदारीको स्पष्ट संकेत हो । बालेनको 'एन्टी इस्टाब्लिसमेन्ट' छविमा गम्भीर प्रश्न खडा गरेको छ ।

यस सहमतिपछि दुई धारको प्रतिक्रिया देखिएको छ । एकथरीले यसलाई वैकल्पिक राजनीतिले संस्थागत रूप लिने सुरूवातका रूपमा व्याख्या गरेका छन् । अर्काथरीले भने यसलाई नयाँ अनुहारले पनि अन्तत: पुरानै सत्ता राजनीतिको बाटो रोजेको उदाहरणका रूपमा हेरेका छन् । यही द्वन्द्वले एउटा गहिरो प्रश्न जन्माएको छ- के यो एकता वैचारिक र संरचनात्मक सुधारका लागि हो कि केवल निर्वाचन जित्ने प्रयास ?

बालेन्द्रको राजनीतिक छवि 'एन्टी इस्टाब्लिसमेन्ट' को रूपमा निर्माण भएको हो । उनले काठमाडौं महानगरमा देखाएको निर्णय क्षमता, साहस र जोखिम लिन सक्ने आँटले उनलाई जनप्रिय बनायो । पार्किङ व्यवस्थापन, डिजिटल सेवा विस्तार, शिक्षा र स्वास्थ्य क्षेत्रमा सहुलियत, प्रशासनिक ढिलासुस्ती तोड्ने प्रयास, अनधिकृत संरचनामाथि कठोर कारबाही यी सबै कदमलाई आम नागरिकले सकारात्मक रूपमा लिए । धेरैले यसलाई 'काम गरेर देखाउने नेतृत्व' को संकेत माने । तर यही क्रममा संवाद, सहमति र संवेदनशीलताको अभाव पनि उत्तिकै प्रस्ट देखियो । टुकुचा उत्खनन, सुकुम्बासी बस्तीमा डोजर प्रयोग, फुटपाथ व्यापारीप्रति कठोर व्यवहारजस्ता विषयमा पर्याप्त गृहकार्य, वैकल्पिक योजना र सामाजिक संवाद कमजोर देखियो । यसले बालेन्द्रको कार्यशैलीलाई 'आवेगप्रधान' र 'व्यक्तिकेन्द्रित' भन्ने आलोचनाको घेरामा ल्यायो । राष्ट्रिय राजनीतिमा भने यस्तो शैली झन् जोखिमपूर्ण हुन्छ । किनकि राष्ट्र-राज्य बहुआयामिक शक्ति सन्तुलन, संवैधानिक मर्यादा र संस्थागत संयमताबाट चल्छ ।

बालेन्द्रको अर्को गम्भीर चुनौती उनको संवाद शैली हो । सामाजिक सञ्जालमार्फत व्यक्त हुने उनको ठाडो, कटाक्षपूर्ण र कहिलेकाहीँ उग्र अभिव्यक्तिले समर्थकलाई त उत्साहित बनाएको छ । तर राष्ट्रिय नेताका रूपमा आवश्यक संयमता, धैर्यता र गरिमामाथि प्रश्न पनि उठाएको छ । लोकतन्त्र आलोचना सहन सक्ने प्रणाली हो । असहमति र प्रतिपक्षी दृष्टिकोणलाई स्वीकार्न नसक्ने नेतृत्व लोकतान्त्रिक अभ्यासमा दीर्घकालीन हुन सक्दैन । राष्ट्रिय राजनीतिमा प्रवेश गरेसँगै अब बालेन्द्रमाथि केवल 'काम' को होइन 'दृष्टिकोण' को पनि परीक्षा सुरू भएको छ । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, आर्थिक नीति र विदेश नीति यी विषयमा उनको स्पष्ट र सार्वजनिक धारणा के हो ? अहिलेसम्म जवाफ आएको छैन ।

जेनजी आन्दोलन स्वयं नेपाली राजनीतिमा एउटा निर्णायक मोड थियो । २०८२ साल भदौ २३ र २४ गते देखिएको युवाको आक्रोशले परम्परागत राजनीतिलाई खुला चुनौती दियो । त्यो आन्दोलनको नेतृत्व, उद्देश्य र गन्तव्यबारे बहस जारी छ ।

बालेन्द्रले आफूलाई केवल 'विरोधको प्रतीक' बाट 'परिपक्व विकल्प' मा रूपान्तरण गर्न सकेनन् भने उनी पनि भीडको अर्को क्षणिक नायकमा सीमित हुने जोखिममा छन् । इतिहासमा नेपाली राजनीति यस्ता क्षणिक नायकले भरिएको छ । अझ गम्भीर प्रश्न सुशासनसँग जोडिएको छ । रवि लामिछाने सहकारी ठगी प्रकरणमा अदालतको अन्तिम फैसला नआएसम्म अभियुक्तकै हैसियतमा छन् । यस्तो अवस्थामा सुशासन, पारदर्शिता र नैतिकताको नारा र सहकार्यलाई कसरी न्यायोचित ठहर गर्छन् ?

इतिहासमा काठमाडौंका मतदाताले 'गणेशमानले लौरो उठाए पनि जित्छ' भन्ने उक्ति प्रयोग गर्थे । त्यो लौरो त्याग, संघर्ष र नैतिक उचाइको प्रतीक थियो । आज त्यही लौरोको रूपक बालेनसँग जोडिँदै छ । तर यो तुलना खतरनाक छ ।

आज 'बालेनसँग सहकार्य गर्‍यो भने चुनाव जितिन्छ' भन्ने मनोविज्ञान विकसित हुँदैछ । यही मनोविज्ञानले मिडिया हाइप सिर्जना गरेको छ । तर राजनीतिमा हाइप दीर्घकालीन हुँदैन । जनअपेक्षा पूरा नभए हाइप नै सबैभन्दा ठूलो बोझ बन्छ ।

नेपाली राजनीति आज जटिल मोडमा उभिएको छ । विश्वासको संकट गहिरिँदै छ । संस्थागत कमजोरी, अदृश्य शक्ति र अस्वाभाविक घटनाक्रमले प्रणालीलाई अस्थिर बनाएको छ । यही बेला प्रियतावादी राजनीति आकर्षक देखिन्छ । अब बालेन्द्रसामु स्पष्ट विकल्प छ । उनी या त प्रियतावादको लहरमा सत्तातर्फ हतारिने पात्र बन्न सक्छन् । वा जनअपेक्षाको भारी बोकेर नीति, दृष्टिकोण र संस्थागत सुधारको कठिन बाटामा ।

राष्ट्रिय राजनीतिमा बालेन्द्रको प्रवेशले एउटा युगीन प्रश्न उठाएको छ के नेपाली समाजले नयाँ अनुहार मात्र खोजेको हो कि नयाँ राजनीतिक संस्कार पनि ? यसको उत्तर बालेनका निर्णय, नीति र व्यवहारले दिनेछन् । अपेक्षाको भारी काँधमा बोकेर हिँड्नु साहस हो । त्यो भारीको चापमा थिचिएर लड्ने, समयले छिट्टै फैसला गर्नेछ ।

***(लेखक:- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)***

## द्वन्द्वपीडितमाथि पीडा थपिदैं गएका छन्

२०६३ मंसिर ५ गतेको शान्ति सम्झौतापछिका २० वर्ष अशान्ति मै बित्यो । अराजकता बढ्दैछ ।

१० वर्षे जनयुद्धको अन्त्य भयो तर द्वन्द्वको घाउ २० वर्षपछि पनि आलै छ । द्वन्द्व कालमा कति मारिए, कति बेपत्ता भए, कतिका अंगभंग भए प्रष्ट तथ्याङ्क अझै पनि छैन । पीडित जो बाँचेका छन्, ती पीडितै छन्, कतिले न्याय पाउने आशमा ज्यान गुमाए, त्यसको पनि कुनै तथ्याङ्क छैन । कसैलाई चिन्ता र चासो पनि देखिदैन ।



सरकारले सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग बनायो, पार्टीका कार्यकर्ताले त्यसलाई पनि जागीर खाने मेलो बनाए । ती आयोगमा ८० हजारभन्दा बढी मारिएका, पुरूषसमेत यौनहिंसामा परेका, महिलाहरू करणीमा परेका, हिंसा, यौनजन्य हिंसामा बेहोरेका उजुरी परेका छन्, तिनको छानबिन कहिले हुने, संक्रमणकालीन न्याय कहिले सम्पन्न हुने हो कुनै निश्चित छैन । आयोगका पदाधिकारी नियुक्त भइरहने, तिनले जागीर खाइरहने, पार्टीका निकटस्थहरू व्यवस्थापन गर्ने ठाउँ बनेको छ ।

मानवाधिकार उल्लंघन गर्ने र फौजदारी अभियुक्तलाई कारवाही गर्ने कानुन बनाउन सर्वोच्च अदालतले २०७१ साल फागुन १४ मा आदेश दिए पनि यसतिर दुई पटकको आवधिक चुनावपछिको सरकारले वास्तै गरेको छैन ।

संक्रमणकालीन न्याय सम्पादन गर्न २० अर्बभन्दा बढी खर्च भइसक्यो । सरकारले मृतक र बेपत्ताका हकदारलाई राहत, विस्थापितलाई आर्थिक सहायता, अंगभंग तथा अपाङ्गता भएकालाई आर्थिक सहायता, ५१ प्रतिशत भन्दा बढी अंगभंग भएकालाई जीवन निर्वाह भत्ता, आमाबाबु दुवै गुमाएका अनाथ बालबालिका १६ वर्षभन्दा मुनिलाई राहत वितरण बितरण गरेको छ तर पीडितहरू विभेद गरेको र न्याय सम्पादन नगरेकोमा आन्दोलित अवस्थामै रहेका छन् । असन्तुष्ट, आक्रोसित छन् ।

बिस्तृत शान्ति सम्झौताले १. संविधानसभामार्फत लोकतान्त्रिक संविधान जारी गर्ने, २. माओवादी, लडाकु तथा हतियार व्यवस्थापन गर्ने, ३. मानवताविरूद्धको अपराधमा संलग्नलाई सजाय गर्ने । तर यी तीन कारोवारमा पहिलो र दोस्रो सम्पन्न भए पनि तेस्रो बाँकी नै रहेको छ र पहिलो र दोस्रो लगायत तेस्रो कार्यभार समेत पूरा गर्न राजनीतिक नेतृत्व असफल भएका छन् । भाषणबाजीमा सिमित रहे ।

जनयुद्ध सुरू हुनुपूर्व तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाउने डा.बाबुराम भट्टराई र माओवादीहरू त्यसबारे बोल्नसक्दैनन् । अहिले त माओवादी नै परित्याग गर्न पुगिसकेका छन् । उनीहरू बाहेक माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, सुशील कोइराला, केपी शर्मा ओली, खिलराज रेग्मी, देउवा, प्रचण्डहरू पटक पटक प्रधानमन्त्री बने । तर कसैको प्राथमिकतामा जनयुद्धका पीडित परेनन् ।

अनेक समस्या र जनअसन्तुष्टि बढ्दै गयो । यसैको परिणाम जनयुद्ध र त्यसपछिका सबै परिवर्तनहरू ध्वस्त पार्नेगरी गत भदौ २३। २४ मा जेनजी आन्दोलन, बिस्फोट हुनपुग्यो । संविधानविपरित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम संरकार गठन भएको छ । यसको कार्यादेश फागुन २१ मा संसदको निर्वाचन गराउनु रहेको छ । पुरानो घाउ आलै छ, जेनजी आन्दोलनमा थप ७८ जनाको राज्यदमनमा हत्या हुनपुग्यो । हजारौं घाइते र अपाङ्ग बनेका छन् । २०६३ सालपछि मारिनेको संख्या थपिदै छ । अझै पनि अर्जुनदृष्टि शान्ति र स्थिरतातिर पटक्कै गएको छैन ।

राजनीतिमा इमान भएको भए जनयुद्धकालीन न्याय सम्पादन भइसकेको हुनेथियो, जेनजी बिद्रोह हुने नै थिएन । नागरिक समाज र मानवाधिकारवादीहरूले समेत आवश्यक दबाब दिन सकेनन् ।

अस्थिरता र अराजकता बढ्नुको मूल कारण नेताहरू भ्रष्टाचार, कमिशन, व्यक्ति र परिवार स्वार्थ केन्द्रित हुनु नै हो । राष्ट्रका मुद्दाहरू समाधान गर्ने राजनीतिमा इच्छाशक्ति नै नदेखिनु अर्को कारण हो । तथपि नेताहरूले आफूले विकास गर्न चाहेको, जनमतअनुसार काम गरिरहेको बताउन छाडेनन् ।

२०६३ साल वैशाख ११ गते संसद पुनर्स्थापनापछिका घटनाक्रम

५ मंसिर २०६३ - सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता ।

२२ मंसिर २०६३ - हतियार तथा सेना व्यवस्थापन अनुगमन सम्झौता ।

२८ चैत २०६४ - संविधानसभा निर्वाचन सम्पन्न ।

२८ भदौ २०६७ - प्रधानमन्त्री माधवकुमार नेपाल र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच ६ महिनाभित्र शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउने सहमति ।

१५ कात्तिक २०६८ - समायोजनको सम्झौतापछि प्याकेज घोषणा ।

८ माघ २०६८ - लडाकाहरू विशेष समिति मातहत आएको घोषणा ।

२० असार २०६९ - लडाकु समायोजन र हतियार व्यवस्थापन शुरू ।

२८ वैशाख २०७१ - बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप ऐन जारी ।

२७ माघ २०७१ - बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन ।

१४ फागुन २०७१ -मानवअधिकार उल्लंघन र फौजदारी अपराधीलाई कारबाही गर्न कानून बनाउन सर्वोच्च अदालतको विशेष आदेश ।

३० साउन २०८१ - बेपत्ता र सत्य निरूपण ऐन तेस्रो पटक संशोधन ।

१७ कात्तिक २०८२ - बेपत्ता र सत्य निरूपण तथा मेलमिलाप कोष स्वीकृत ।


यसरी द्वन्द्वकालको न्याय सम्पादनमा अनेक निर्णय र आदेशहरू भएका छन् । तर ती निर्णय र आदेशहरू चिप्ला कुरा भए, कार्य निष्पट्ट नै रहे ।

निष्कर्ष : आयोगहरू छ, आयुक्तहरू छन् । राजनीति सरकार परिवर्तन र भ्रष्टाचारमा डुबिरह्यो । यो वीचमा यति धेरै काण्ड र प्रकरणहरू भए कि त्यसको छानबिन र कारवाही गर्ने हो भने स्थापित नेता, ठूला प्रशासकदेखि पूर्व र वर्तमान सरकार प्रमुखहरू र राष्ट्रपतिहरू समेत बाँधिनेछन् । तर चुनाव गर्ने नाममा यतिबेला आँखा चिम्लिने काम भइरहेकोमा आपत्ति उठेको सुनिन्छ ।

बिगत र बर्तमानमा समेत राजनीतिक तरलता र अराजकताले कुनै काम गर्न सकेको छैन । अन्तरिम सरकारले जेनजीका एजेण्डाहरूमा आँखा चिम्लिएको छ । यतिबेला संविधान छ, संविधान छैन । चुनाव हुन्छ कि संसद पुनर्स्थापना हुन्छ अथवा हिंसात्मक वातावरण बढ्ने हो ? प्रश्न अनेक छन् र अनेक प्रश्नको तीरमा राष्ट्रका संमस्यामात्र होइन, यो पद्धति नै उनिएको अन्यौलको घनिभूति अवस्था छ ।

राजनीतिले यू टर्न लिने हो कि स्वभाविक मार्ग समात्ने हो ? राजनीतिक संवाद, सहमति र सहकार्य कुन तरिकाले अघि बढ्ने हो ? राजनीतिले कुन कोर्ष लिने हो, समयले निर्धारण गर्ला । तर राष्ट्रिय जीवनमा थरिथरिका परिवर्तनका तरङ्गहरू उठिरहेका छन् । प्रभाव अनेक देखिदैछन् ।

***- डा.विनिता***

# अनुभव/डा.दामोदर पुडासैनी किशोर



**अनुभव-१**

आगोको भुङ्गोभित्र जलिरहनुको पीडा खपिरहेछु
मिसाइल र ए के ४७ का भन्दा कडा प्रहार सहिरहेछु
कहाँ थाहा हुँदोरहेछ र
जिन्दगीले पोलिने काटिने र कुटिने सिमानाका कुरा
जिन्दगी बिन्दुबाट शुरू भएथ्यो,
बिन्दुमै रमाउने सुरसार देखिरहेछु ।

**अनुभव-२**

मैले तिमीलाई
पोलिरहेको घाउको कथा सुनाएँ
तिमीले हाँसोमा उडायौ
र सुनायौ पुराण –
जीवनको उत्सव होइन, मृत्युको सौन्दर्यबारे
अहिले
न स्पर्श गरेका छौ मेरो घाउ
न महसुस गरेका छौ यसको दुखाइ
म मृत्युविरूद्ध लडिरहेछु एक्लै
र तिमी –
मेरै पीडाको प्रवक्ता बनेर
घाउ नछोईकन जारी गरिरहेछौ
अनर्गल विज्ञप्ति ।

**अनुभव-३**

घाउहरू असाध्यै माया गर्दै आरहेछन् म माथि
अँगालो मारिरहेछन्, सुमसुम्याइरहेछन् रौँ रौँ मा
म फिस्स हाँसिरहेछु
र भनिरहेछु भो पुग्यो विषसँगको सँगत सधैँ राम्रो होइन
उता मेरो वरिपरि फक्रँदै आइरहेछन्
ढकमक्क अज्याला, नीला ज्याकराण्डाहरू
र भन्दैछन्, पालो हाम्रो हो
हामीलेनै फूलाउँनुछ तिमीलाई
अझै नीला ज्याकरण्डाहरूमा ।

## भुइँ मान्छे



शहरको कोलाहल र बेइमानीबाट टाढा,
एकान्त सुनसान र हराभरा सुन्दर गाउँ ।
जीवजन्तु अनि चराचुरूँगी रमाउने ठाउँ,
त्यही गाउँ र ठाउँलाई असाध्यै माया गर्ने ।
संरक्षण र सम्बर्द्धनमा लागी पर्ने,
एउटा श्रमजीवी,इमान्दार र सोझो मान्छे ।

ढाँटछल र जालझेल केही जान्दैन ऊ,
श्रम नगरी त्यत्तिकै बस्न पनि मान्दैन ऊ ।
खेत जोत्छ अन्न उमार्छ परिवार पाल्छ,
यही काममा सारा उमेर र बलबैंस गाल्छ ।

आडम्बर र देखावटीपनले कहिल्यै छुँदैन,
यथार्थ कुरा त उसलाई फूर्सद पनि हुँदैन ।
किनकि, ऊ भुइँ मान्छे हो,
भुइँसँगै खेल्दा खेल्दै समयसँगै जीवन बित्छ ।

**अरूण कुमार भुजेल**
**गोरूबथान, दार्जीलिङ ।**

## गजल

**उखुम गर्नु भो हजुरले धुमधाम गर्नु भो**
**मेरै खाई मलाई नै पो बदनाम गर्नु भो ।**

**अरूलाई नैतिकताको पाठ सिकाउँदै**
**सेटिङ मिलाई कमिसनमा दाम गर्नु भो ।**

**खुनको बदला खुन दिएको थिए मैले,**
**धोका दिएर हजुरले छलछाम गर्नु भो ।**

**सम्मान गर्छु तपाईंलाई भन्नुहुन्थ्यो सधैं,**
**उल्टै मेरो बेइज्जत खुलेआम गर्नु भो ।**

**खाकै थालमा आची अनि सुसु गर्नु भो,**
**हजुरले त साँच्चै महान काम गर्नु भो ।**



**नवशिला ।**
**बेलबारी - २,**
**नवदेवमार्ग,**
**लालभित्ती, मोरङ ।**

गजल -
**सुन्दर रोका दोलखाली**



भाग्यमानी रैछौ तिमी ठुलो घरमा परिछ्यौ रे
संगै ज्युँछु मर्छु भन्यौ आज बिहे गरिछ्यौ रे ॥

झुप्रो प्यारो मेरो घरको चुहिने छानो भएपनी
भने हिजो तिमीनै हौ आज महलमा सरिछ्यौ रे ॥

डोली चढ्दा कस्ति भइछ्यौ अन्तिमपटक हेर्छु भन्दा
खोला वारी बोटो कुर्दा पारी पुल तरिछ्यौ रे ॥

बाचा कसम हजारौ थिए, साथमा तिम्रो चिनो पनि
फिर्ता गर्छु भन्दै जाँदा सहर तिर झरिछ्यौ रे ॥

मलाई ज्युँदै जलाएर पराईलाई साथ दिदै
मेरै अस्तु सिन्दुर बनाई सिउँदो भरिछ्यौ रे ॥

# मुक्तक : उसले भने जन्मथलोको नाउँ बिर्सियो

अर्काको पार्टी के दरकारको कुरा गर्नु
यो फेरिइरहने सरकारको के कुरा गर्नु
आजभोलि म त चुपचाप बस्ने गरेको छु
eg] cfkmgf]kf6{sf]; /sf/sf]s]s/f ug{



OlfgLnfO{a}OlfgLklg agfpg ; ls5
xf]/ cfkm"b¿nfO{;j fpg klg ; ls5
r fxbf h]klg ug{; ls5 g ; lsg]xf]g
cfk"/fn]/ klg c¿nfO{x; fpg ; ls5 .

xfdLt Tb; }s bf]fF]kf6{sf]clukl5
´ fh g r f]Sf kfpg'yfxf ef]unkl5
kf6{5f]8g]t }bf/ 5'dLg ca s]ug{t
g] fsf]Jbj xf/ bj/] lbS nfUg yfnkl5

**- जेबी खत्री**



छोरो सहर पस्यो अनि गाउँ बिर्सियो
आफू जन्मे हुर्किएको ठाउँ बिर्सियो
बूढा भएका बा आमा बाटो कुर्दै रहे
उसले भने जन्मथलोकै नाउँ बिर्सियो ।

**- पार्वती अधिकारी**



मैले जस्तो तिमी रात भरि जाग्न नपरोस्
दुई हात जोडि मायाको भिक माग्न नपरोस्
मैले दुनियाँ त्यागेको थिएँ तिम्रो लागि
कसैको लागि तिमीले आफुलाई त्याग्नु नपरोस्

**- अर्जुन अधिकारी**



पश्चिमाको इशारामा बचेरा चल्मलाए छन्
शिशुपालहरू ती झोलुङ्गामै अल्मलाए छन्
गुण्डागर्दीकै बोलवालाछ लस्कर जतासुकै
अँन्धकारमा धूर्त श्यालहरू सल्बलाए छन् ।

**- रूपा रिसाल**



बिना प्रतिस्पर्धाको खेल खेल्दैछन् मान्छे
हुनुभन्दा नभएको दुःख झेल्दैछन् मान्छे
छलाङ मार्दै, हतासिदै त कहिले बतासिदै
आफैले आफैलाई धकेल्दै पेल्दैछन् मान्छे ।

**- गंगा दाहाल**



चौतर्फ हेर पीडा युक्त छ मानव जीवन
रोदन क्रन्दन युक्त छ मानव जीवन
हामी प्रकाशमय जीवनको आशा राखौ
अनि हुन सक्छ प्रकाश युक्त मानव जीवन ।

**- गंगा लिगल**



तिम्रा मेरा पिरतीका, बातै प्यारा लाग्छन्
जूनसित मुस्कुराउने रातै प्यारा लाग्छन्
मन मुटु छाम्न सक्ने प्रेम रसले भरिएका
फूलजस्तै कोमल ती, हातै प्यारा लाग्छन् ।

**- पार्वती भट्ट**



दुःख जति आफ्नै शिरमा बोक्नी साथी भए
गल्ती गर्दा अघि सरेर कोही रोक्नी साथी भए
गलत बाटो चाल्ने थिएनन् होला पक्कै मान्छे,
मन भित्रका दुःख सुखहरू पोख्नी साथी भए ।


**- मिरा ज्ञवाली**

# सुनीताको – साथ रहोस् नरहोस् –



*अरूणबहादुर खत्री*

साहित्यिक क्षेत्रमा एउटा सुपरिचित नाम हो सुनीता कार्की । उनको साथ रहोस् नरहोस् नामक कवितासङ्ग्रह २०८० मा दोस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको जानी नजानी नामक कवितासङ्ग्रह २०८० मा पहिलो कृतिको रूपमा प्रकाशित भएको थियो । यस कृतिभित्र प्रकृतिको अस्तित्वको सन्देश, नमुना नेपाल, असम्भव प्रायः मिलन, गाईजात्रा, कालो दाग, समर्पित लगायत विभिन्न शीर्षकका ३३ वटा कविताहरू समावेश गरिएका छन् । उनको यस संग्रहभित्रको पहिलो कविता प्रकृतिको अस्तित्वको सन्देशमा म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत लुटिएकी नारी समान जगल्टिएका यी केश कवयत्रीले लेखेकी छिन् । नमुना नेपाल शीर्षकको कवितामा कवयत्री सुनीताले कुर्सीमा आसीन हुनै अभिलाषा फगत बोकेकाहरू स्वार्थका साधनाका निम्ति नित्य निरन्तर कस्सिएकाहरू भनेकी छिन् । प्रकाशका विस्तारक अन्धकारका बिनाशक सकल प्राणीका जीवनरक्षक तिमी आदित्य, तिमी नै दिवाकर असम्भव प्रायः मिलन शीर्षकको कवितामा लेखिएको छ ।




मरेपछिको यात्रा
गाईजात्रा

जिउँदै मरेको थियो
मरेर पनि मरेकै छ ।

उनले लेखेका कविताहरू प्रकृतिपरक, नेपाल राष्ट्र तथा समसामयिक नेपाली राष्ट्रिय जीवनपरक, नारीपरक, जगत् र जीवन समबन्धी चिन्तनपरक छन् । कालो दाग शीर्षकको कवितामा देश विकासका लागि छटपटाइरहेछ राजनीति सत्ताका द्वन्द्वमै रमाइरहेछ जातीयताको चक्करमा चहराइरहेछ भनि लेखिएको छ । समर्पित शीर्षकको कवितामा सारङ्गीको तार बनी झङ्कार तरङ्गित गर्न इन्द्रेनीको रङ चोरी रङ्गीन माहौल सृजना गर्न, बरको बृक्ष बनी शीतल छायाँ प्रदान गर्न चाहन्छु लेखेकी छिन् । कवयत्री सुनीता कविता लेख्नेहरूसँग रेखा कोरेर प्रतिस्पर्धाको शङ्खघोष गरेर अगाडि बढेकी छिन् ।

पृथ्वीको गर्भमा रहेको
एक सुन्दर प्रदेशको
जहाँ देख्छु म सपना
आफ्नो स्वदेशको ।

कवयत्री सुनीताका कवितामा मनहरू पीडा भोग्दै छन् । अपमान भोग्दै छन् । तिरस्कार भोग्दै छन् । अचेल मनहरू लोप हुँदै र भासिदै छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका कविताले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभूति प्रकट गरेको छ । ती अनुभूतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरू छन् । प्रत्येक कविताले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । कवयत्री सुनीता आफूसँगको अभेद्य सङ्घर्षको अर्थपूर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । जीवन भोगाइका क्रममा विभिन्न घात-प्रतिघात सँहदै अगाडि बढेकी कवयत्री सुनीताका यस सङ्ग्रहका कवितामा जीवन यथार्थका विविध पक्षको अभिव्यक्ति छ । यस सङ्ग्रहभित्रका कविताले विविध रङका जीवनका पाटाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएका छन् । सुनीताका कविताहरूमा अनुभूतिको तिख्खरता र अभिव्यक्तिको नूतनता पाइन्छ । उनी स्वानुभूत सत्यलाई निडर भएर कविता मार्फत पोख्न चाहन्छिन् । यस सङ्ग्रहभित्र सङ्गृहीत रचनाले सामन्ती सोच, देश प्रेम र भातृत्व प्रेमलाई प्रश्रय दिएर लेखिएको यथार्थपरक रचना हो भन्ने मैले ठानेको छु । कविता भनेको कवितै हो र सधैं कविताजस्तै रहनुपर्छ भन्ने मेरो स्वबिचार हो ।

गोरखनाथ, गोरखकाली कल्पिरहेछन्
एक दोस्रो पृथ्वीनारायणको पदार्पण पर्खिरहेछन्
जो अखण्ड नेपालको इतिहास दोहोऱ्याओस्
विनाश, विभाजन पन्छाओस् ।

सुनीता कार्कीको काम कविता लेख्ने हो उनले लेखका कविता पढ्ने त हामी हौं । उनका यस सङ्ग्रहभित्रका कवितामध्ये केही गीतका नजिक र केही चाहिँ लयात्मक मुक्त प्रवाहमा रमाएका छन् अनि प्रायः श्रुतीरमणिय नै छन् । प्रकृतिको सान्निध्य र सामाजिक परिपार्श्व तथा जीवनका अन्तर्धाराको छलवलावट, देशभक्ति र भगवतभक्तिको गुञ्जनको तीब्रता उनले लेखेका कविताहरूमा पाइन्छ । एक बीज रोपिन्छ जमिनमुनी जड मौलाउछ जमिनमुनी अन्धकारको गर्भमा बसेर अङ्कुराउँछ रस चढ्छ शून्यतामा शीर्षकको कवितामा कवयत्रीले लेखेकी छिन् । वसन्ती बागमा नाङ्गिएर लुटिएकी एक फूल हुँ म जवानी मदको मातमा चुकेको एक भूल हुँ म भनेर कवयत्रीले एक भूल शीर्षकको कवितामा लेखेकी छिन् ।

भानु शीर्षकको कवितामा मिरमिरे बिहानीको मधुर स्पर्श म हृदयभरि अङ्कित गर्न चाहन्छु भनेर लेखिएको छ । समय शीर्षकको कविताले समयलाई चिनेर यसको सदुपयोग गर्न नसकेको खण्डमा पछुताउनु जस्तो मूर्खताको विकल्प छैन । समयले हरेक अवस्थाको अनुभूति गराउँछ भनेको छ । सगरमाथा नीर नबहाऊ शीर्षकको कवितामा सगरमाथा नीर नबहाऊ यहाँ चाँदी कटाइ हुँदैछ आमा काख फैलाऊ यहाँ देश विखण्डित हुँदैछ हिमाल, पहाड, तराई रूँदैछ भनेको पाइन्छ । सगरमाथा परेली नभिजाऊ शीर्षकको कविताभित्र पर्वत नजर नझुकाऊ यहाँ सत्ता वलात्कृत हुदैछ पशुपति तिमी बचाऊ यहाँ तिम्रै महिमाको मोलमोल हुँदैछ भनिएको छ ।

समाजभन्दा पर रहेर कुनै पनि स्रष्टाले सही सिर्जना गर्न सक्तैन जस्तो मलाई लाग्छ । कविको दृष्टिकोण उच्च हुनुपर्छ काव्यमा । नवीनतम पङ्क्तिले नयाँ धर्को कोर्नुपर्छ । कवयत्री सुनीताले सिर्जना गरेका कविताहरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । बहुप्रतिभाशाली सुनीता कार्कीको काव्यिक यात्रा पनि द्रुतगतिमा अघि बढ्न खोजेको देखिन्छ । कवयत्री सुनीता समकालीन धाराकी स्वच्छन्दवादी यथार्थवादी स्रष्टा हुन् । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरूलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री सुनीताले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रूपमा अभिव्यक्ति दिएकी छिन् । उनका कविता ज्यादै मार्मिक र पढ्न योग्य नै छन् । आगामी दिनमा उनका थुप्रै कृतिहरू प्रकाशित भईरहुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रथम संस्करण: २०८०, मूल्य: रू. ५००।-, पृष्ठ: २१६, प्रकाशक: नइ प्रकाशन ।






| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह□सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
sfdkf !$, sn+sL, sf7df8f}+
df]=M (*%!)@&)*( kmf]gM$#!@)*$
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np









# संवाद, सहकार्यबाट शान्ति शान्ति नै नेपालको भविष्य

राष्ट्रका प्रत्येक समस्याको समाधान संवाद, सहकार्यबाट आउने शान्ति नै हो। द्वन्द्वको अन्त्य नै शान्ति हो, नेपालको भविष्य हो। राज्यका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिकलगायतका क्षेत्रमा द्वन्द्वको अन्त्य र भयरहित स्थिति नै नेपालको भविष्य हो। यसैमा नीतिको निरन्तरता र विधिको व्यवस्थापन अन्तरनिहित हुन्छ, जुन सुखद भविष्य हो।

लोकतान्त्रिक पद्धतिको सफलता भनेकै नीतिगत स्थायित्व, निरन्तरको संवाद, सहमति र सहकार्य हो। यही मूलमन्त्रमा राजनीतिक स्थिरता र शासनमा सुशासन तथा कानुनव्यवस्था बलियो हुन्छ। एउटापक्षमात्र कमजोर भयो र द्वन्द्व बढ्यो भने अराजकता बढ्नथाल्छ। शान्ति, स्थायित्व र सहकार्य : नेपालको भविष्य हो भन्ने सबैले मनन गरौं। यसैबाट बिग्रे भत्केको राष्ट्रको अनुहार सच्याएर भविष्यको मार्गचित्र कोरौं। विश्वका सफल राष्ट्रहरू पनि संवाद, सहमति र सहकार्यबाट अघि बढेका हुन्, यी विशेषता नारामात्र होइनन्, राष्ट्रका सामाजिक, आर्थिक र सांस्कृतिक उत्थानका आधारस्तम्भ पनि हुन्। यी आधार स्तम्भमा चुक हुँदा वर्तमान नेपालको स्थिति भयावह हुनपुगेको हो। यो सकसबाट निस्कने सुनौलो अवसर प्राप्त भएको छ, बिगतका गल्ती सच्याउने मौका मिलेको छ।

संवाद सबै प्रकारका द्वन्द्वको पूर्व शर्त हो। सहकार्य बिना प्राकृतिक, जातीय, सांस्कृतिक, सामाजिक विविधता भएको मुलुक सहजरूपमा अगाडि बढ्नै सक्दैन। संवाद, सहकार्य र सहमतिबाट शान्ति प्राप्त हुनसक्छ, शान्तिबाट मात्र राष्ट्रिय जीवनका दीर्घकालीन प्रगति प्राप्त गर्न सकिन्छ।

नेपालको अनुभव भनेकै दशकौं लामो हिंसात्मक द्वन्द्व र अस्थिरता हो। यसपछिको डेढदशकभन्दा लामो समय स्वार्थको प्रधानतामा बित्यो। जसका कारणले जनजीवन र राष्ट्रिय जीवन प्रभावित हुनपुग्यो। शासनसत्ता निरंकूश भयो, विधि बस्न सकेन, कुशासनले टाउको उठायो। जेनजी विद्रोहको आगो राजनीतिक अपराधिकरणको उपज बन्यो। अस्थिरता बढ्यो, अराजकताले सीमा नाघ्यो। पूर्वाधार निर्माण अस्तव्यस्त हुनपुग्यो। विकास निर्माणले गति लिनसकेन, अनियमितताले गति लियो। पद्धति आफ्नो लागि, संविधान र शासन आफ्नो लागि हो भन्ने भुइँमान्छेले अनुभव नै गर्न पाएनन्। संवाद, सहमति र सहकार्य भनेको ठूला दलकावीच मात्र भयो र उनीहरूले आलोपालो सत्ता चलाउने, भाग शान्ति जय नेपाल गरेर देश लुट्ने बदनाम गरिदिए। जनअपेक्षाको कदर हुनैसकेन। जनता र देशप्रति जवाफदेही राजनीतिको नाममा अनियमिततामात्र भयो। यो स्थितिले अन्तर्राष्ट्रिय इज्जतमा समेत व्यापक धक्का लाग्न पुग्यो। नेपालको कूटनीतिक क्षमता र विश्वसनीयता नराम्ररी धरासायी हुनपुग्यो।

अब संवाद, सहकार्य, सहमति जनसम्पर्कका विविध पक्षसँग, पार्टी, नागरिक समाज, जेनजी पुस्ता, बैदेशिक साझेदारहरूसँग हुनुपर्छ। यसैबाट शासन र जनता जोडिनसक्छन्। विकास र स्थिरता देखिन सक्छ। न्यायपूर्ण समाजको परिकल्पना पूरा हुनसक्छ। विविधता र बहुलतामा आधारित सहकार्यले नेपाललाई समावेशी राष्ट्र बनाउन सक्छ। वर्तमानको आवश्यकता र भविष्य निर्माणको योभन्दा उत्कृष्ट मोडल अर्को हुनसक्दैन।

# दल सच्चिन चाहेनन्, पद्धति कसरी सच्चिन्छ




३७ वर्षको राजनीतिक अवस्थाको मूल्याङ्कन गर्ने हो भने निष्कर्षमा भन्न सकिन्छ, दल सच्चिएमात्र दलीय पद्धति सच्चिने छ। कूशासनको पहिलो कारण नै दलभित्रको दलदल चरित्र हो, जुन दलदलमा देशको शान्ति, जनताको अपेक्षा, दलीय व्यवस्थामा हुनैपर्ने गुणहरू भासिएका छन्। यो दलदल भनेको जसरी पनि सत्तामा पुग्ने र हालीमुहाली चलाउन पाइन्छ भन्ने मानसिकता हो। समाज बदल्छु, देशविकास गर्छु, जनाधिकारको रक्षा गर्छु, न्यायपूर्ण समाजका लागि काम गर्छु भन्ने कसैले यो समयमा सोच्दै सोचेनन्। फलतः व्यवस्था फेरियो, व्यवहार फेरिएन। व्यक्ति फेरिए चरित्र फेरिएन। नतिजा परिवर्तन बेकार हुनपुग्यो, संघीयता भार बन्यो, सरकार बदलिदै गए, कुनै सरकार सफल हुनसकेनन्। देशको मान घट्यो, देशवासीको भार बढ्यो। जनघनत्व कम भएको देशमा पार्टी घनत्व बढी भयो। कानुनलाई कमजोर पारियो, लोकतन्त्र लूटतन्त्र बन्यो। देशप्रति विदेशमा विश्वास रहेन, व्यवस्था र नेतृत्वप्रति जनतामा विश्वास छैन।

स्थिरताको कडी जनताप्रति जिम्मेवार हुने प्रवृत्ति हो। जुन जेनजी आन्दोलनले ल्याएको परिवर्तनमा पनि देखिएन। प्रजातन्त्र भन्ने प्रजातान्त्रिक चरित्र नअपनाउने हो भने यो असफलता अझै गहन र गाडा हुनेछ।

हामीले देखे भोगेका छौं- राजनीतिमा धमाकेदार र चटकीपाराका परिवर्तन भइरहेका छन्। अशान्ति, अराजकता, अपराधिक घटनाक्रम अपवादमा छैनन् र शासक प्रशासकका नैतिकहीन कृयाकलाप, नीतिगत र खुलेआम अनियमितता पनि नयाँ होइनन्। यिनै रोग महारोग बनेकाले हो असन्तुष्टि व्याप्त छ। असन्तुष्टि गुम्सिएर उकुस मुकुस बन्दै गएको थियो, जुन जेनजी आन्दोलन र बिद्रोह हुनपुगेको हो। अस्थिरतामा अपराधीमात्र खेल्दैनन्, विदेशी ताकत पनि खेल्छन्, खेले र नेपालको पद्धति र नेतृत्व मात्र होइन, राष्ट्रिय र व्यक्तिगत सम्पत्ति, सम्पदा खरानी बन्नपुग्यो। नेपाली मानसिकता भयग्रस्त हुनपुग्यो। यो भय लामो समय समाजमा कायमै रहनेछ।

एमालेको अधिवेशनमा एमालेले नेशनल भोलेन्टियर फोर्सको घोषणा गरेको छ। यो फोर्सले सुरूदेखि नै लड्ने र बिरोधीलाई बाँकी नराख्ने हिंसात्मक कुरा गरेको सुनियो। रवि लामिछाने, कूलमान घिसिङ र बालेन साहलाई रास्वपामा एकीकृत गराएपछि मुख्य भूमिका निभाउने 'द काउन्सिल अफ जेनजी' का संयोजक सुदन गुरूङले घोषणा गरेका छन्- रवि, बालेन र कुलमान मिलाएँ, हप्ता दिनभित्रै सिभिलियन फोर्स गठन गर्छु। यो फोर्सले नेपाललाई डिजिटल रूपमा जोड्ने र टोलदेखि गाउँसम्मका समस्याहरू केन्द्रमा पुऱ्याउने योजनामा कार्य गर्छु।

त्यसै पनि नेपाली शासन प्रशासनमा अनीति र नेपाली राजनीतिमा अस्थिरता नियमित आकस्मितता हो। आवरणमा जुन अराजकता अस्थायी लाग्छ, यथार्थमा त्यो व्यवस्थापन गरिएको अस्थिर प्र(णाली हो जहाँ स्थापित अभिजात नेता, तिनका परिवार, समर्थक, सहयोगी रहेका बाह्यपात्र, बाहिरी शक्तिका लागि काम गर्ने भाडावाल-आइएनजीओहरूले लगातार अस्थिर प्रणालीमा मलजल गर्दै आएका छन्। तिनका चिप्ला भ्रमहरूमा नेपाली जनमानस पर्दै आएको ०४६ साल देखि नै हो। ०६३ सालपछि त भ्रमको जालो झन बढेको हो। यसैको दबदबाले नेपालमा शान्ति उदाउन खोज्छ, छिटै अशान्तिको अँध्यारो बढ्ने गरेको छ।

एकैहप्ता अमेरिका र चीनले नेपालमा कार्यरत राजदूतद्वय डीन थम्पसन र चेन सोङलाई फिर्ता बोलायो। भारतका राजदूत नविन श्रीवास्तव पनि बिमारीको बहानामा भारत फर्केका छन्। यही समयमा पूर्वराजा भारत भ्रमणमा जान्छन्। राजतन्त्रका पक्षधर दुर्गा प्रसाई पनि दिल्ली पुगेर फर्कन्छन्। त्यसपछि सडकहरूमा भीड र नाराबाजी बढेका छन्। न्यायिक निर्णयहरू बाइपास भएर रवि लामिछाने धरौटीमा छुट्छन्, उनको तुफानी दौडले एकाएक चुनावी माहोल बन्छ, राष्ट्रपतिले ठूला दल र प्रधानमन्त्रीलाई एकै ठाउँमा राखेर छलफल गराउँछन्, राजनीतिक दलहरू निर्वाचन आयोग पुग्छन् र निर्वाचनको माहोल बन्दैजान्छ। बहस गर्नसक्ने पात्र रवि लामिछानेले त्याग गर्दै मेयर बालेन साहलाई प्रधानमन्त्रीको उमेदवार घोषणा गर्छन्, त्यसमा उज्यालोको धरोहर मानिएका कुलमान घिसिङ उपाध्यक्ष बन्न पुग्छन्। स्थापित कांग्रेस, एमाले, १७ पार्टी मिलेर बनेको नेकपावीच फागुन २१ को चुनाव अघि नै काँटोका टक्करको स्थिति विकास भइसकेको छ।

चीनका लागि नेपालको एकचीन नीति र तिब्बतको सुरक्षा चासो अत्यधिक महत्वको छ भने भारतका लागि नेपाल परम्परागत खुला सीमा र खुला प्रभाव क्षेत्र हो। अमेरिकाका लागि नेपाल इण्डो प्यासिफिक स्ट्राटेजीको केन्द्रविन्दु हो। यसरी नेपाल एक, दोस्रा र तेस्राका लागि प्रभाव सिमित गर्ने उद्देश्यक्षेत्र बन्नपुगेको छ। नेपाल तीनघुम्तीमा छ, स्थिति फुकी फुकी कदम चाल्नुपर्ने अत्यधिक जोखिममा छ। कूटनीतिक रूपमा नेपाल भूराजनीतिको गोलचक्करमा देखिन्छ, राजनीतिक रूपमा नेपाल राष्ट्रिय-अन्तर्राष्ट्रिय मल्लयुद्धको झैं मैदान बनिसकेको छ। नेपाललाई रणनीतिक र आफ्नो प्रभावमा राखिराख्न चाहने विश्वशक्ति र अभिजात बर्गको निगरानीमा परेको छ।

गत भदौ २३ को जेनजी आन्दोलनको नेता को हो, अभिष्ट के हो, शक्ति कुन हो ? अझै स्पष्ट छैन। तर घातक रूपमा नेपालको राष्ट्रियता घाइते भएको छ। त्यसपछि शक्तिशाली भनिएका पार्टी, नेताहरू लुखुरे बनेका छन् भने चुनावको दौडमा अनेक लोखर्के, ब्वाँसा र बाघहरू प्रतिस्पर्धामा छन्। भूराजनीतिको खेल खेल्नेहरूले अनेक विकल्पहरू खुला राखेका छन्। संसद पुनर्स्थापना हुनसक्छ, चुनाव हुनसक्छ, राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना हुनसक्छ, सर्वदलीय सरकार बन्नसक्छ। दृश्य अदृश्य खेल खेल्नेहरूले सांकेतिक गणना र अवलोकन गरिरहेका छन्।

पुराना दल छन्, नयाँ जेनजहरू छन्। छिमेकी भारत र चीन, प्रजातान्त्रिक तर विश्वशक्तिको रणनीति पनि नेपालमा छ। यसैवीच नजाँनिदो तबरले रूससमेत नेपाल मैदानमा देखिन्छ। हस्तक्षेप कसैको देखिदैन तथापि मिहिनतरिकाले सबैको उपस्थिति अनुभव गर्न सकिन्छ। शासन, सत्ता, प्रशासन, प्रशासक, नागरिक समाज, थिङ्कटैंक, बुद्धिजीवीहरू अनेक तरिकाले स्वचालित, परिचालित छन्। यिनैले राजनीतिक मार्ग र नीति निर्धारणमा प्रभाव पारिरहेका छन्। यो दबाबलाई थेग्नसक्ने अर्गानिक सोच नेपाली राजनीतिमा भएजस्तो लाग्छ तर त्यो निराधार हो। किनकि वर्तमान कालखण्डमा न त ०३३ सालपछिको वीपी छन्, न ०४६ पछिको मदन भण्डारी अथवा न त कुनै सक्कली सर्वहारावादी।

भदौ २७ मा संविधान मास्ने बाध्यता थियो, पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा ६ महिने अन्तरिम सरकार बन्यो। यो सरकारले फागुन २१ मा चुनाव गराउने म्याण्डेट पाएको छ। किस्ता किस्तामा मन्त्रिपरिषद बिस्तार भइरह्यो र अवधि २ महिना बाँकी हुँदा ७० वर्षे सेवानिवृत्त जनरल बलानन्द शर्मालाई परराष्ट्र मन्त्री बनाइएको छ। किन ? अन्य थुप्रै कूटनीतिक क्षमतावानलाई नजरअन्दाज गरेर उनलाई नियुक्त गरियो ? बालानन्द कूटनीतिक क्षमताका होइनन् र उनीमाथि हतियार बेचेको, हतियारको तस्करी गरेको, अमेरिकी लविका लागि सकृय रहेको आक्षेपहरू छन्। जेनजी नाममा अन्तरिम सरकार बन्यो, जेनजीलाई सहभागिता गराइएन र बुढापुराना र बिबादितलाई जिम्मेवारी दिनुले अनेक प्रश्नहरू उठेका छन्। अन्तरिम सरकारका अनुहार र क्षमताले आन्तरिक रूपमा गौण पार्न सकिए पनि कूटनीतिक अनुभवीका साथमा सवलता देखिन सक्नेछैन। नेपालको क्षीण बन्दै गएको विश्वसनीयता र नैतिक शक्तिलाई उचाल्ने छैन।


भुइँमान्छेहरू भुइँक्रान्तिमा छन्। तिनको आवाज सुन्ने ताकत र ल्याकत कुनै पार्टीले गर्न सकेनन्। प्रजातान्त्रिक, राष्ट्रवादी-राजतन्त्रवादी र कम्युनिष्ट तीन विचारको बाहुल्यता छ , यसैभित्र जातजाति, लिङ्ग, क्षेत्रीयता घुसेका छन्। तीन विचार प्रधान भए पनि सयौं पार्टी चुनावमा जान दर्ता भएका छन्। यसले राजनीति झन क्लिष्ट र राष्ट्रिय आवाज बिभाजित र जटिल बनाएको छ। राजनीति भनेको अवसर, शक्ति, सत्ताको साधन हो भन्ने हरेकलाई लागेको छ। राजनीति भनेको समाज बदल्ने र सभ्य बनाउने साधन कसैलाई नलाग्नु हो। यही नै अस्थिरताको महारोग हो। जसले देश जनआकांक्षा पूरा गर्ने स्पष्ट एजेण्डालाई छायाँमा पारेको छ। केही चुनावी गठबन्धन र धेरै प्रतिवद्धताहरूले पनि भुइँमान्छेको प्रतिनिधित्व कमजोर देखिएको छ। देखावटी प्रजातन्त्र सधैं थियो, प्रभावशाली प्रजातन्त्र नेपाली राजनीतिबाट अझै कोसौं टाढिएको देखिन्छ। यसबाट भोलिका दिनमा पनि अस्थिरता बढ्ने र असन्तुष्टिले शान्ति खलबल्याइरहनेछ भन्ने ठाउँ दिन्छ।

सरकारका विकल्प देखिएका छन्, पद्धति र प्रणालीगत त्रुटी सच्याउने बलियो एजेण्डा देखिदैन। भदौ २३ को आन्दोलनमा जेनजी पुस्ता जो रूपान्तरणकारी देखियो, त्यो पुस्ताले २७ घण्टामा लोकतान्त्रिक गणतन्त्र ढालिदियो, तिनीहरू स्खलित हुन त्यसपछिको केही घण्टा पनि लागेन। जेनजी पुस्ता यसरी बिचलित छन् कि २६ धारमा बिभाजित छन्। आम देशवासीको आशा र विश्वास कसरी फुल्छ र झर्छ भन्ने उदाहरण जेनजी पुस्ता हुन्। यद्यपि जेनजीका अगुवा सुदन गुरूङले राम्रो कामको सुरूआत गरेको देखिन्छ। नतिजा फागुन २१ मा आउला।

बडामहाराजाधिरा पृथ्वीनारायण शाहले नेपाल निर्माण गरे। नेपालीत्वप्रति गर्व गर्न सकेनन् बहुदल र लोकतन्त्रवादी हुँ भन्नेहरूले। जेनजी पुस्ताको दृष्टिकोण र मान्यता देखिन बाँकी नै छ। यदि राष्ट्रियनीति 'पृथ्वीपथ' बन्न सकेन, 'दिव्योपदेश'लाई समयानुकूलको गायत्रीमन्त्र बनाइएन भने भाँडिएको विधिको शासन, लथालिङ्ग भएको प्रजातान्त्रिक राष्ट्रवादसहितको सुशासनयुक्त नेपाल र नेपालीत्व मटियामेट हुँदैजाने खतरा छ।

गर्विलो नेपाल, स्थिरता, प्रभावकारी सुशासनयुक्त व्यवस्था, उच्चनैतिकता, इमान र जवाफदेहीताको गर्भगृह भनेकै पृथ्वीपथमा आधारित प्रजातान्त्रिक राष्ट्रवाद हो। यही तत्वज्ञानको बुझाइ हुनलागेको घटनाक्रमको सूर्योदय दिशा हुनसक्छ। नेपालको ब्ल्याक एण्ड ह्वाइट राजनीतिक परिदृश्य र परिपक्व दिशानिर्देश यही हो। यही नै सुदूर भविष्यको पूर्वानुमान र परिणाम हुनेछ।

इतिहासमा बदनाम हुने कि इतिहास पुरूष बन्ने ? निर्णय राजनीति गर्नेहरूले गरून्, समयले परीक्षा लिइरहेको छ।




# राजनैतिक सुधारको मुद्दा र गरिनुपर्ने काम

**नारायणप्रसाद मिश्र**

**विश्लेषण**



हामी सबैलाई थाहा छ- संसारमा धेरै थरीका धर्म, सम्प्रदायहरू छन् । हिन्दू, बौद्ध, इसाई, मुसलमान आदि कुनै पनि धर्म र सम्प्रदायको कसैलाई हानी पुऱ्याउने, दुःख पीड़ा दिने अभिप्राय वा उद्देश्य हुँदैन । त्यस्तै संसारमा आजभोलि थरी थरीका राजनैतिक वादहरू छन् । प्रजातन्त्रवाद, लोकतन्त्रवाद, समाजवाद, साम्यबाद वा राजतन्त्रवाद आदि । कुनै पनि राजनैतिक प्रणालीले अरूलाई अन्याय, अत्याचार गर्ने अभिप्राय र उद्देश्य राखेको हुँदैन । आ-आफ्नो आस्था र विश्वास अनुरूप जसरी कुनैपनि धार्मिक सम्प्रयदायले भगवान्को नाममा मानवसेवा गर्ने पवित्र उद्देश्य राख्छ, झण्डै झण्डै त्यस्तै कुनै पनि आधुनिक राजनैतिकबादले आ आफ्नो विश्वासको आधारमा निर्माण गरेको शासकीय स्वरूप, नीति, योजना बमोजिम देशको बिकास र जनताको कल्याण गर्ने उद्देश्य नै राखेको हुन्छ । २०६२/६३ को जन आन्दोलन पछि जारी भएको नेपालको संविधान, २०७२ ले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अगालेको छ । यो व्यवस्था आफैमा खराव भन्नुपर्ने कुनैपनि कारण जरूर छैन । व्यवस्था आफै खराव जरूर हुदैन र छैन पनि । यस्तै व्यवस्थाबाट अरू मुलुकहरूले घेरै उन्नति, प्रगति गरेका दुष्टान्तहरू पनि जरूर संसारमा धेरै छन् । तर व्यवस्था जस्तो सुकै राम्रो भएपनि सवै मुलुकको लागि यो सुहाउँदो र फलिफाप हुन्छ भन्न भने सकिन्दैन । कुनै बोट विरूवा हुर्किन र बढन पनि हावापानी सुहाउँदो हुनपर्ने भने जस्तै कुनै पनि राजनैतिक व्यवस्था मुलुकको जनताको शिक्षा, ज्ञान, आर्थिक स्तर आदि सुहाउँदो हुनुपर्छ नै । अन्यथा यसले राम्रो फल दिन सक्तैन ।

कुरा जस्तो भएपनि हाम्रो मुलुकमा सञ्चालित शासन, प्रशासनबाट जनता पीडित छन् । प्रताडित छन् । खुशी छैनन् । असन्तोष छन्, मुलुकमा भइरहेको असिमित ब्याप्त भ्रष्टाचार, अड्डा अफिसमा घूसखोरी र अव्यवस्था, शोषण दमन, न्याय निसाफमा असमानता अन्याय अत्याचार, ब्याप्त दलतन्त्र र नेतातन्त्र, रोजगारीको अभाब आदि आदि कुराले जनता दुःख पीडामा छन् । यिनै कुराहरूको आक्रोशले लाखौलाख जनता हाल विद्रोहमा उत्रेका छन । यी कुराहरूको निराकरण गरी जनताको माग वमोजिम मुलुकलाई सही बाटोमा हिडाउनु सवैको कर्तब्य हुन आएको देखिन्छ ।

मुलुकमा भइरहेका अनियमितता र अव्यवस्थाका मूल कारण नखोजी, पत्ता नलगाई यसको निराकरण गर्न सम्भव छैन । यस दृष्टिकोणले बिचार गरिदा केही केही शासन प्रणालीमा दोष र धेरै सरकार चलाउने नेतृत्व, दल र दलका नेता कार्यकर्ताहरूको दोष र गल्ती नै देखिन्छन् । यसको साथै केही दोष समस्त जनताको पनि देखिन्छ ।

संसारको प्रचलन र राजनैतिक शास्त्रले माने पनि, नमाने पनि राष्ट्रप्रति र प्रधानमन्त्री हुने व्यवस्थामा यी दुवै पदाधिकारी एकै दलको हुँदा दुबैको घनिष्ठता, मित्रताको कारण मिलोमतो र एकाधिकारले हुने नहुने जे पनि काम गर्न सक्ने हुन्छ । विगत सरकारले यस्तै हुने नहुने अध्यादेश जारी गरी मुलुक हित र जनहित विपरितका काम गरेको भन्ने कुरा वेलावखत संसदका प्रतिपक्ष दलहरूले गर्ने गरेको हामी सबैलाई थाहा छ । यस्तो हुन नदिन शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था गर्नु पर्ने देखिन्छ । यसको लागि दुई पदाधिकारी मध्य एक स्वतन्त्र, दलविहिन गर्न जरूरी छ । यसको लागि संविधानमा नै सुधार गर्नुपर्छ ।

मुलुकमा हाल स्थापित निर्वाचन प्रणाली अनुसार मुलुकको प्रतिनिधि सभामा कुनैपनि दलले बहुमत पाउने सम्भावना धेरै कम छ । हाम्रो अनुभवले यही देखाउँछ । यसले गर्दा सदा मुलुकमा गठवन्धन सरकार छ । भागवण्डा सरकार छ । यो हाम्रो संविधान र व्यवस्थाको त्रूटीले भएको हो । यो ब्यवस्थाको त्रूटी साथै हाम्रा दल र नेताहरूको आचारहिन्, अनैतिक स्वभाव व्यवहारले गर्दा गठवन्धन सरकार पनि मुलुक र जनताको चाहना भन्दा नेताहरूको ब्यक्तिगत् र दलीय स्वार्थको लागि हुने गरेको देखिन्छ । यो नै मुलुकमा सदा अस्थिर सरकार हुनु, ठूल्ठूला, भ्रष्टाचार विना डरभर मिलो मतोमा गरिनु, मुलुकमा व्याप्त भ्रष्टाचार हुनु र भ्रष्टाचार काण्डको पनि निस्पक्ष छानविन र कारवाई नहुनुका मुल कारण हुन् भन्नुमा अत्युक्त हुदैन । यो कुरामा सुधार ल्याई मुलुकमा ५ वर्षको जिम्मेवार स्थायी सरकारको व्यवस्था गर्नको निमित संविधानमा सुधार गरी मुलुक भरीको जनताबाट प्रत्यक्ष निर्वाचित प्रधान मन्त्रीको व्यवस्था जतिसक्यो चाडो गर्नपर्ने देखिन्छ । शक्ति सन्तुलन र नियन्त्रणको वलियो संवैधानिक ब्यवस्था र ब्यवसायिक स्वतन्त्र न्यायालय हुन सके अरू कुनै कुराले पनि यो ब्यवस्थाको प्रधानमन्त्री तानाशाही हुन सक्तैन । सांसदहरूले बिवेक छाडी स्वार्थको लागि नेताहरूको सेवक र कठपुतली हुने स्थिति र मनोवृति हुन्छ भने त्यस्तो मुलुकमा जुनसुकै प्रधानमन्त्री पनि तानाशाह हुन सक्ने कुरा हाम्रै अनुभवले स्पष्ट गर्छ ।

हालको संसदीय ब्यवस्थामा जनताको मतभन्दा सीमित संख्याको सांसदहरूको मतको संख्याले प्रधानमन्त्री नियुक्ति र नियन्त्रित हुन्छन् । प्रधानमन्त्रीको सदा सांसदहरूलाई खुशी पार्नु पर्ने वाध्यताले नै हाम्रो मुलुकमा खाने र खुवाउने, आफना मान्छेको हुने वा नहुने काम पनि गरि दिने, आफू नजिक नभएका साधारण नागरिकको हक अधिकारमा ध्यान नदिने आदि भ्रष्टाचार प्रणालीको बिकास हुने गरेको पनि देखिन्छ । माथिको व्यवस्था गर्न सके यो कुरा पनि स्वतः रोकिन्छ ।

लोकतन्त्रको नाममा दलतन्त्र वा नेतातन्त्र हुनुमा भने संविधान र व्यवस्थाको त्रूटी नभई मुख्यतः नेतृत्वको अर्थात नेताको स्वार्थ, आचारहिनता, नैतिकहिनता, वेइमानी, नातावाद, कृपावादनै देखिन्छ । यिनै कारण इमान र बिवेक छाडी सम्बैधानिक आयोगमा समेत बिभिन्न जालसाझीले आफू अनुकुलको योग्य अयोग्य, इमानी वा वेइमान जो मन लाग्यो त्यसलाई अध्यक्ष र सदस्य बनाउने र सोही अनुसार अन्य सम्बैधानिक निकायहरूमा पनि कठपुतलीहरू अध्यक्ष र सदस्य वनाउने गरेको देखिन्छ । सोही औजार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्यायालय, शैक्षिक प्राज्ञिक संस्था, विश्वविद्यालय, प्रहरी आदि इत्यादि सबै ठाउमा नियन्त्रण कायम गरी लोकतन्त्रको सट्टा दलतन्त्र मुलुकमा चलाएको प्रष्ट छ । यी कुराहरू रोक्नको लागि संविधान, ऐन कानूनमा आवश्यक सुधारको साथै यस्ता दल र दलका नेताहरूलाई भने निर्वाचनमा मतद्वारा फाल्न हटाउन जनता आफै जागरूक हुनजरूरी छ ।

नेपालमा हाल विद्यमान संघीय शासन प्रणाली दल र नेताहरूको मान प्रतिष्ठा, सानमान, रवाफको लागि मात्र संघीय संसद, सरकार, मन्त्रालय र थरी थरीका कार्यालयहरू रहन गएको, यसवाट मुलुकलाई अनावश्यक आर्थिक भार परेको तर गाउँ, जिल्ला, प्रदेशको बिकासमा कुनै उल्लेखनीय टेवा नमिलेको र राजधानीमा पाउने सेवा प्रदेशमा पाउने कुरा नाममा मात्र भएको र जनताले कुनै प्रभावकारी छिटोछरितो सेवा पाउने काम नभएको भन्ने चर्चा मुलुकभरी छ । आफनो दलको उपलब्धीमा अनावश्यक कसैले धावा वोलेको यो विषय सम्झी कुनै पार्टी विशेषले यो प्रतिष्ठाको विषय बनाउनु जरूर ठीक छैन । यसैले यो कुरा सत्य वा असत्य केहो भन्ने कुरामा राम्रो अध्ययन, अनुसन्धान गरी सही निर्णय गर्न जरूरी छ । कुरा हो भने साविक ब्यवस्थाको सट्टा नाम जुनसुकै गरिएपनि मुलुकमा हाल विद्यमान सम्पूर्ण जिल्लाहरूमा राजधानीमा पाउने सवै कार्यालयहरूको सेवा सुविधा पाउने गरी स्थानिय सरकारको ब्यवस्था गर्नु मुलुक र जनताको लागि जरूर कल्याणकारी हुन्छ ।

हालको विद्रोह र जनताको आवाजमा ध्यान दिई यी कुराहरूमा सम्बन्धित सवैले समयमै चिन्तन मनन गरी विना विलम्ब कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

लेखक वारे--

जेष्ठ नागरिक, नेपाली र अंग्रेजी भाषाका केही पुस्तकका लेखक र त्रिभुवन विश्वविद्यालयको निवृत् पदाधिकारी ।

narayanshanti70@gmail.com

## जनताका नयाँ नेता बन्दै सुदन गुरूङ



जेनजी आन्दोलनको समयदेखि राजनीतिक युवाका रूपमा देखा परेका सुदन गुरूङ सुशीला कार्कीको अन्तरिम सरकार निर्माण, रास्वपामा रवि लामिछाने, वालेन साह र कुलमान घिसिङलाई कोठामा थुनेर मिल्न बाध्य पार्ने पात्रका रूपमा मात्र होइनन्, द काउन्सिल अफ जेनजी खालेर राजनीतिक परिवर्तनका बाहकका रूपमा पनि चर्चित छन् । केही समय यिनलाई दलाई लामाका दूतका रूपमा पनि बदनाम गरियो, भारतीय नागरिक भएको प्रचार पनि गरियो । अब उनी द काउन्सिल अफ जेनजी मार्फत एकै छातामुनि नेपालीलाई जोड्ने र नेपाललाई डिजिटल रूपमा संगठित गर्छु भनिरहेछन् ।

## सञ्चालनमा आयो रसुवागडी नाका



नेपाल-चीनवीचको रसुवागडी नाका ६ महिनापछि खुलेको छ । हिमनदी फुटेर छरपस्ट पारिदिएको यो नाका बन्द हुँदा चीनसँगको व्यापार र व्यापार गर्ने, मजदूर, यातायात व्यवसायी मर्कामा परेका थिए । नाका खुल्दा राजस्व पनि उठ्नथालेको छ ।

## राजेन्द्र महतो यता न उता



जसपा जुट्यो, फुट्यो, फागुन २१ को निर्वाचन घोषणा भएपछि फेरि जुटेको छ । नेता महन्त ठाकुर र उपेन्द्र यादव मिलेका हुन् । अब राजेन्द्र महतो र सीके राउत छटपटीमा छन् । सीके राउत रास्वपामा जान खुट्टा उचालेका छन् । महतोले के गर्लान् भन्न सकिन्न । यसैबीच मधेशी पार्टीहरूलाई नेकपाले तालमेल गर्न निम्त्याएको छ ।

# घोर अकर्मण्यता र अन्यौल



**जीवराज भट्टराई**

राज्य सञ्चालनमा र राजनीतिक परिदृष्यमा सम्भवतः यति धेरै अकर्मण्यताको स्थिति यसअघि कहिल्यै पनि उत्पन्न भएको थिएन । देशमा सरकार छ तर त्यो हुनुको अनुभूति स्वयं सरकारमै हुनेहरूलाई पनि छैन । राज्य संयन्त्रहरू छन् तर ती केका लागि हुन् भन्ने कुरा तिनकै नेतृत्व गर्नेहरूलाई पनि थाहा छैन । अहिले के गर्नुपर्ने हो र के गर्नु नपर्ने हो भन्नेमा पुरै अन्योल छ ।

राज्यमा राजनीतिक दलहरू छन् र ती पनि यतिबेला कुहिरोको कागजस्तै बनेका छन् । भैपरी आउँदा मुलुकको प्रतिनिधित्व गरेर काम गर्नका लागि खटाइएका धेरै राजदूतहरूलाई सरकारले फिर्ता बोलाएकोमा सर्वोच्चले फिर्ता नगर्नू भन्यो । सरकारले मानेन, तिनीहरू बसेर तलब पकाइरहेका छन् ।

आम जनता भय, कुण्ठा, अन्योल, अनिश्चय, आक्रोश र निराशासहितको मनोदशामा दिन कटाइरहेका छन् । यसले गर्दा यतिबेला मुलुक इतिहासकै सबैभन्दा अप्ठेरो अवस्थाबाट गुज्रिरहेको छ ।

सरकारको हैसियतमा प्रश्नचिन्ह - सामान्यतः एक सय दिनमा सरकारका कामको मूल्याङ्कन गर्ने गरिन्छ । तर सुशीला कार्की नेतृत्वमा बनेको यो सरकार बनेको तीन महिना पुग्न लाग्दा सरकार स्वयंले आफू सरकार हुनुको अनुभुतिका साथ आत्मविश्वास आर्जन गर्न सकेको देखिँदैन । हुन पनि यो सरकार बन्ने आधार नै ठिमाहा देखिन्छ ।

संवैधानिक आधार र प्रक्रियाबाट त यो सरकार बनेकै होइन । जहाँसम्म आन्दोलनको राप र तापमा टेकेर यो सरकार बन्यो भन्ने कुरा छ त्यो पनि सत्य होइन । स्वयं आन्दोलनकारीको पहिचान स्पष्ट नभएको, उनीहरूका निर्धारित एजेण्डा अनुमोदन हुने गरी आन्दोलनका कार्यक्रम अघि नबढेको र आन्दोलनले पूर्ण विजय प्राप्त नगर्दै त्यो तुहिएको अवस्थामा अपहरित हुन पुगेको हो । अवस्था के हो भने जसका विरूद्धमा आन्दोलन गरिएको हो ती नराम्रोसँग पराजित त भएकै हुन् तर जो विजेता हो उसले विजयको पगरी गुथ्न नपाएको मात्र होइन कि त्यो कहाँ छ भन्ने भेउ समेत नपाउदै श्रेय लिन अर्को अघि सरेको हो ।

आवधिक चुनावको म्याद गुज्रिसकेको, पूर्ववर्ती सरकारले पटकपटक निर्वाचनको घोषणा गरेर पनि नगराएको अथवा गराउन नसकेको अथवा नचाहेको कारणले जेनजीहरूले आन्दोलन गर्नुपरेको होइन ।

लडाइँ भएर व्यापक क्षति भएको तर न सम्झौता भएको र न जय पराजय भएको अनौठो अवस्थामा बीचैबाट टप्केर बनेको यो सरकार आफैंमा ठूलो अन्योलमा छ । सरकार बन्नुको कारण जेनजीको आन्दोलन हो । तर सरकार कहाँ बनेको छ भने पुरानै संविधान, पुरानै राज्य व्यवस्था र उनै ऐन कानून र राज्य संरचनामा । त्यसैले यो सरकार बेपत्तासँग दौडिनका लागि मज्जासँग हातखुट्टा बाँधेर बनाइएको सरकार हो ।

मन्त्री, प्रधानमन्त्रीले कहिले जेनजीका भावनाअनुसार सरकार चल्छ भन्नु र कहिले संविधान तथा ऐन कानूनको दुहाइ दिनुको कारण पनि यही हो । यस्ता विरोधाभासयुक्त अभिव्यक्तिका पछाडि अन्योल, अस्पष्टता र किंकर्तव्यविमूढको मानसिकताले काम गरेको छ ।

*नोक्सानको बाटोमा अमूर्त जेनजी-* पछिल्लो समयमा जेनजी र उनीहरूको सशक्त आन्दोलन विश्वव्यापी रूपमै लहर बनेर आयो । त्यसबाट हामी पनि अछुतो रहेनौँ । जेनजीले जेजस्ता माग राखेर आन्दोलनको शुरूवात गरेका थिए त्यो सान्दर्भिक मात्र नभएर अति आवश्यक पनि थियो । त्यसैले अन्य मुलुकहरूमा त्यो अभुतपूर्व रूपमा सफल पनि भयो । तर नेपालमा भने त्यो बीचैमा अपहरणमा पर्नु, अप्रिय घटना र अकल्पनीय नोक्सान हुनु, आन्दोलन निर्णायक तहमा नपुग्दै तुहिनु, अदृश्य शक्तिको हवालामा सरकार बन्नु, असंगठित रहेका जेनजीहरूका बीचमा कम्तिमा पनि यो असहज परिस्थितिलाई सुरक्षित निकास दिने अवस्थासम्मका लागि एकता हुनुको सट्टा फुट आउनु र नक्कली हाबी भएर सक्कली जेनजी चेपुवामा पर्नुले जेनजीमा ठूलो नोक्सानी हुन गयो ।

यस्तै अवस्था हो भने त यो आन्दोलनको उद्देश्य भनेको विदेशमा रोजगारीका लागि गएर बाँकी रहेका युवाहरूलाई समाप्त पार्नु मात्र हो कि भन्ने स्थिति देखिन थालेको छ । यो अत्यन्तै चिन्ताको विषय हो ।

आन्दोलनमा भएको त्यति ठूलो मानवीय नोक्सानी जेनजीकै थियो । त्यसपछिका दिनहरूमा भिडियो र सीसीक्यामराका फुटेजहरू हेरेर जेनजीमाथि नै संगीन अपराधका थुप्रै मुद्दाहरू लगाइएको छ । राजनीतिक दलहरूका प्रमुख दुश्मन जेनजीहरू नै भएका छन् । हुँदाहुँदा अब प्रधानमन्त्री र मन्त्रीहरूले पनि जेनजीको नाम सकेसम्म सुन्न नपरे हुन्थ्यो र सकेसम्म उनीहरूलाई भेट्न नपरे हुन्थ्यो जस्तो गर्न थालेका छन् । त्यसले गर्दा प्रशासनले पनि जेनजीमाथि बदलाको भावना राखेर व्यवहार गर्न थालेको देखिन्छ । यस्तै अवस्था हो भने त यो आन्दोलनको उद्देश्य भनेको विदेशमा रोजगारीका लागि गएर बाँकी रहेका युवाहरूलाई समाप्त पार्नु मात्र हो कि भन्ने स्थिति छ । यो अत्यन्तै चिन्ताको विषय हो ।

प्रयोजनहीन चुनावको मुखौटो – सरकारबाट कुनै पनि किसिमको जनअपेक्षित काम हुन सकेको छैन र त्यो हुने अवस्था पनि छैन । यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य र अस्तित्व रक्षाका निम्ति चुनावी मुखौटोको प्रयोग गर्ने गरेको छ । यदि चुनावको आवश्यकता सर्वत्र महसुस गरिएको र चुनाव नै विद्यमान समस्याको समाधान हो भन्ने अवस्था हुन्थ्यो भने यस्तो सरकारले गर्ने मुख्य काम निर्वाचन नै हो । तर स्थिति त्यस्तो हुँदै होइन ।

आवधिक चुनावको म्याद गुज्रिसकेको, पूर्ववर्ती सरकारले पटकपटक निर्वाचनको घोषणा गरेर पनि नगराएको अथवा गराउन नसकेको अथवा नचाहेको कारणले जेनजीहरूले आन्दोलन गर्नुपरेको होइन । जुन आन्दोलनका कारणबाट यो सरकार बन्यो त्यसको प्रमुख माग चुनाव गराउने भन्ने हुँदै होइन । यतिसम्म हो कि आन्दोलनका कारणले मौजुदा संविधान बाहिरबाट यस किसिमका सरकार बनाइँदा सामान्यतः चुनाव गराउने म्याण्डेट र मिति तोकिनु आम प्रचलनको कुरा मात्र हो । त्यसैअनुसार फागुन २१ मा चुनाव भनिएको हो ।

अर्को कुरा, यो सरकारले घोषित मितिमा चुनाव गरायो भने पनि त्यसबाट समस्याको समाधान हुने त होइन । चुनाव भइहाल्यो भने पनि त्यसले दिने परिणाम भनेको भदौ २३ अघिकै हो भने चुनावको रटानले के हुन्छ ? त्यसैले यहाँ चुनावको कुराले आन्दोलनमा उठेका मूल कुरालाई विषयान्तरको काम मात्र गरेको छ ।

*राम्रा मान्छेहरू डामिए* –सुशीला कार्की नेतृत्वको सरकारमा केही राम्रा मान्छेहरू पनि छन् । तिनीहरूले विगतमा आफ्नो क्षेत्रमा राम्रोका निम्ति सत्प्रयास गरेका थिए । त्यसले गर्दा तिनीहरूले समाजमा असल परिचय पनि बनाएका थिए । ती समेत सम्मिलित सरकारको अहिलेसम्मको काम गराइ, सरकारको धरातल र परिवेश हेर्दा यो सरकार असफल भएर बाहिरिने सम्भावना प्रवल देखिन्छ । यस्तो अवस्थामा सरकारमा सम्मिलित ती सुपरिचययुक्त पात्रहरू डामिने बाहेक अर्को कुनै उपलब्धि हुने देखिदैन ।

अन्योलको व्याप्ती र अनिश्चय – यतिबेला अन्योल र अनिश्चयको आयाम यति फराकिलो छ कि त्यसले कुनै क्षेत्र पनि अछुतो छाडेको छैन । सरकार, राज्यसंरचना, जिम्मेवार पदाधिकारी र जनसाधारणमा मात्र होइन राजनीतिक दलहरूमा पनि यसले ठूलो खैलाबैला र उथुलपुथलको स्थिति उत्पन्न गराएको छ । दलहरू गतिशील भएजस्तो देखिनु एउटा बाध्यता हो नत्रभने राज्यमाथि अन्तरालम्बित यो कालिमाभित्रै उनीहरू पनि कुहिराका कागजस्ता हुन पुगेका देखिन्छन् । यस्तो अवस्थामा सिङ्गो राज्यले निकास पाउने र दीर्घकालीन रूपमा दिशानिर्देश हुने गरी प्रस्तावना राखिनुको साटो आ-आफ्ना डम्फु बजाउनु र अन्योलको आगोमा रोटी सेक्ने दुश्प्रयास गरिनु दुखद् कुरा हो । इतिहास निर्मम हुन्छ । अप्ठेरो घडीमा खेलेको भूमिकाबारे भोलि मूल्याङ्कन हुने नै छ । (शब्दयात्रा)

# From Anti-Corruption Movements to National Politics: Nepal's New Alliance Explained



Sharachchandra Bhandary

Nepal now stands at a political crossroads. As the country prepares for the March 5 parliamentary elections, a new political alignment has emerged, challenging the longstanding dominance of traditional parties such as the Nepali Congress, CPN-UML, Nepali Communist Party, and Rastriya Prajatantra Party, among others. Central to this movement are three influential figures from non-traditional political backgrounds: Rabi Lamichhane, Balendra "Balen" Shah, and Kulman Ghising.

Voters have not forgotten the steps taken by Lamichhane against corruption and his efforts toward good governance during his short tenure as Deputy Prime Minister and Home Minister. Likewise, as Metropolitan Mayor, Shah has been widely praised for his role in the preservation and maintenance of historical heritage, as well as other sites and monuments across the Kathmandu Valley. Ghising was not only active in reform initiatives at the Nepal Electricity Authority; he is currently serving as a minister holding multiple portfolios and working for the nation and its people. His decisive actions—such as terminating contracts when companies failed to deliver development and construction projects—have helped build a public image as a man of action. Even opposition parties have acknowledged and appreciated the work of these three individuals. As a result, the political force led by them is widely expected to receive more votes than traditional political parties. These records of action help explain their growing public appeal, even as questions remain about leadership scalability, alliance cohesion, and long-term governance capacity.

Their emerging alliance represents both opportunity and uncertainty, raising questions about generational representation, leadership credibility, reform capacity, and the ability to translate popular support into tangible governance outcomes—particularly among younger voters frustrated with the political status quo.

A senior citizen of Kathmandu Metropolitan City, Ward 7, Shiv Khadka, whose 21-year-old grandson was among the young victims of the Gen Z Movement, voices the sentiments of many citizens: "I am unhappy with the leaders of the political parties who led the government responsible for killing young people during the peaceful Gen Z Movement. I am dissatisfied with the old parties. Self-interest–driven politics has sunk the country. Young people should be given a chance at least once." His frustration reflects a broader generational demand for change, which the alliance leaders seek to address.

According to the Election Commission, nearly 19 million of Nepal's 30 million citizens are eligible to vote. Notably, nearly one million new voters—mostly youths—were added following the September Gen Z protests, underscoring the growing influence of younger demographics in shaping Nepal's political future. This youth-driven momentum has amplified the strategic significance of the Lamichhane–Balen–Ghising alliance, positioning it as a vehicle for reform-minded citizens eager for practical change.

The alliance emerged through a tripartite agreement among the Rastriya Swatantra Party (RSP), chaired by Lamichhane; the Ujyaalo Nepal Party (UNP), backed by Ghising; and Balen Shah, the third member of the trio who recently joined as a prime ministerial candidate. The unified party retained the bell symbol of the RSP, a crucial element of its electoral identity. This development generated enthusiasm among supporters while also inviting cautious skepticism from critics.

The coalition is rooted in widespread public dissatisfaction with corruption, ineffective governance, and political stagnation. The September Gen Z Movement—a youth-led wave of protests demanding transparency, anti-corruption measures, social justice, and systemic reform—toppled the coalition government of the Nepali Congress and CPN-UML. This movement created political space for leaders outside traditional power structures and mobilized public sentiment in favor of reform-oriented politics.

Key figures emerged from this environment: Balen Shah, Kathmandu's mayor known for urban reform initiatives; Rabi Lamichhane, a former television host whose anti-corruption campaigns gained national prominence; and Kulman Ghising, a




technocrat credited with ending Nepal's long-standing energy shortages. Although less experienced than leaders of traditional parties, the trio is distinguished by practical governance focus and commitment to national service—qualities that resonate strongly with young voters seeking meaningful change.

Negotiating the alliance required reconciling diverse leadership styles, electoral strategies, and visions for reform. On December 30, 2025, RSP, UNP, and Balen Shah formalized a seven-point agreement. Lamichhane was confirmed as Central Chairperson, Ghising as Senior Vice-Chairperson, and Dol Prasad Aryal and Swarnim Wagle as Vice-Chairpersons. The party retained the RSP name and bell symbol while inviting civil society and reform-oriented groups to join.

The coalition pledged to uphold democratic governance, social justice, inclusive development, and a liberal economic framework. It emphasized honoring Gen Z martyrs, supporting injured activists, and enforcing zero tolerance for corruption. Ambitious goals include implementing merit-based governance and elevating Nepal to middle-income status within ten years. The agreement reflects a strategy of blending youthful energy with administrative competence by integrating technocrats, professionals, and youth activists into party structures while allowing bureaucrats to manage day-to-day administration.

The alliance also attracted attention through its proportional representation (PR) candidate selections. The alliance leaders managed the PR list, with Ghising's team reportedly holding a 17 percent share, while the trio coordinated selections for Balen Shah's choices. Notable candidates include cricketer Gyandendra Malla, actress Reema Bishwokarma, rights activist Mohna Ansari, climate activist Tashi Lhazom, and singer Prakash Saput. These selections suggest an effort to balance celebrity appeal, activist credibility, and technocratic expertise to broaden electoral reach.

However, the alliance's formation has not been without controversy. The publication of the PR list exposed internal dissent, including objections from influential figures such as Tosima Karki. These disputes raise questions about how the alliance leaders will manage disagreements while maintaining cohesion. This underscores a central challenge: balancing diverse personalities, emerging leaders, and competing interests while projecting a unified and credible political front.

Youth representation remains a central claim of the coalition. The trio emphasizes youth participation as a core focus. Their "youth renewal" slogan positions the coalition as a platform for citizens concerned with employment, education reform, digital infrastructure, and transparent governance. Critics note that detailed policy frameworks for addressing Gen Z concerns remain limited, yet the alliance is well positioned to attract substantial youth support driven by expectations of tangible reforms rather than symbolic gestures.

The reformist wave also finds resonance among prominent youth leader Sudan Gurung, a central figure in the September 2025 Gen Z protests. Known for mobilizing young citizens, advocating digital rights, and negotiating with government officials during the demonstrations, Gurung shares the same reformist spirit as Lamichhane, Balen Shah, and Ghising. He has rallied support from other youth and civil society leaders to strengthen their platform, emphasizing alignment with demands for transparent governance, merit-based administration, and systemic reform.

Despite their popularity and reformist vision, the alliance leaders also face scrutiny. Rabi Lamichhane rose to prominence on an anti-corruption platform and has demonstrated significant electoral support — not only was he elected from the Chitwan-2 constituency in the 2022 general election with a strong majority, but he also won the 2023 by-election there by a very large margin, securing over 54,000 votes compared to his opponents' totals. Despite legal controversies, including misappropriation of funds from cooperatives, and a brief period when he was jailed, Lamichhane remains a major political force with deep popular support.

Balen Shah is admired for his urban governance initiatives and strong youth appeal, yet questions persist about the depth and clarity of his national political agenda. His direct administrative approach—such as clearing Kathmandu's footpaths—has drawn both praise and criticism. Additionally, a controversial social media outburst in November targeting neighboring countries, political parties, and even RSP provoked public debate. Kulman Ghising, while widely credited with ending Nepal's load-shedding crisis, must navigate the complexities of coalition politics and national-level policymaking.

While the alliance promises reform and good governance, questions remain about feasibility. Goals such as merit-based administration, zero corruption, social justice, and middle-income aspirations require clear implementation strategies, sustainable funding, and institutional capacity. The leaders' relative inexperience in national politics adds uncertainty about translating vision into action. Although integrating technocrats and youth activists may help bridge gaps, navigating Nepal's complex political landscape, parliamentary procedures, and coalition dynamics will be crucial. Without clarity in execution, ambitious promises risk remaining aspirational.

Negotiations leading to the alliance were themselves challenging. Early talks between RSP and UNP revealed disagreements over leadership roles, party identity, and electoral symbols. Ghising initially expressed reservations, highlighting the difficulty of harmonizing technocratic, activist, and political leadership styles. While the eventual compromise demonstrates political pragmatism, it also underscores the fragility of alliances formed among diverse leaders. Managing internal dynamics will be critical as the coalition transitions from campaigning to governance.

Public response to the alliance remains mixed. Many young voters and reform-minded citizens view it as a credible alternative capable of advancing development and generating employment. Analysts, however, remain cautious, noting the challenge of expanding appeal beyond the youth demographic while acknowledging the coalition's disruptive potential.

The Gen Z Movement exposed widespread dissatisfaction, distrust in political parties, and a search for alternatives. Its core questions were not merely about power but about systemic failure: Why do elections fail to bring meaningful change¿ Why do honest individuals struggle to survive within the system¿ Why has politics become a profession rather than a form of public service¿ The emergence of new parties and alliances is a natural outcome of this search for a new political culture.

Collaboration among new forces faces significant obstacles. Ego clashes among popular leaders raise questions of hierarchy and coordination. Differing leadership styles—Balen's executive decisiveness, Ghising's administrative discipline, and Lamichhane's activist orientation—complicate cohesion. Public expectations are high, and even small missteps could trigger disappointment. Traditional power structures are likely to resist through obstruction, rumor-mongering, or division. Yet hope persists. Nepali society increasingly seeks alternatives as traditional parties remain trapped in rhetoric, failed governance, and self-serving practices. Meaningful change may be possible if collaboration prioritizes minimum common programs, institutional strength over individual popularity, transparency, internal democracy, and reform over power.

The rise of new parties reflects long-standing dissatisfaction among youth, middle-class citizens, and globally exposed Nepalis who demand results rather than rhetoric. The trio embodies these expectations. Their success or failure will unfold over time, but their emergence already signals a shift—new light in Nepali politics, even if partially obscured by clouds. Ultimately, the decision rests with the people.

The questions now confronting Nepali politics are collective, reflecting broader concerns about leadership, governance, and political culture. New movements, collaborations, and parties may offer answers—but only if they confront these questions rather than avoid them. New politics is demonstrated through conduct, not slogans; collaboration succeeds through intention; and change emerges not from aspiration alone, but from patience, integrity, and accountability. The pressing question remains: are these new forces ready to pass this test¿

Editor-- RSS

# Time



**T**ime :- Time is nothing who have more power of politics by revolving chair and innumerable property. It's sure time will be change ( Moving )when they will inner filling life is nothing and not a longer time alive in this world. Present, past events and uncertain future shows only what will be happen by time. Wants are unlimited but time are limited which you will filling hell and heaven is here.

Reliver is only person to person but not a dog. Dogs are only faithful who is given food. Because dogs forfooted animal. Now a days most of person are looking as a dogs. May be it's called time changing as rules of nature. Time are more given the lesson beware of life well doing for family to all circle of society and pray for God early in morning. Now a days in all over the world mostly political and family to family likes as a kings of rules.

As a matter of fact it willbe change according to time but it should be wait who have not power and money. The wisdom person are already been write tine and tide wait forfooted no man. Time is strong forever not a person and animal also. Time ( God ) are trust each other. It's not a immortal fire which we are thinking himself. Time is any moment moving according to rules of Nature but human life is too short. They will not careful what i should be done what we do in a life. They are crying only before the death of time. They will remember only when body will not active. In the long run they will pray to God about his health. Time is never take the revenge to the any person. God are telling only forgiveness is a gratest punishment. Time never shows about the long life absolutely treatment also.

Time is moving forever as a immortal soul. Time is time forever strong. Really life is nothing and more valuable if we are well thinking by inner heart. It's called third eye. They will realized about the valuable time but they don't have power and money as a dead body only. So that beware of time as long as in this world. Earth is one, world is one , religion us one and time is only almighty punishment of God. The Sunrise, Moon, and uncle Stars and Air are always moving in all over the world according to time. So never forget and always remember about the valuable time. Morning day, Good afternoon day, Evening Night and Midnight is a part of time. Where will be go our soul after the death. Time knows only about the soul.

*- Jagadish Pradhanang*



# सत्ताभोगीले देश बनाए जोगी



***इतिहासका राजनीतिक घटनाक्रम..***

राज्य व्यवस्थाका हाम्रा सिद्धान्त (पौरस्त्य) राम्रा छन् । खारिएर निर्मित छन् । व्यवहार सिद्ध छन् । पुस्तौ पुस्ता पारखिएका छन् । चेतना, ज्ञान, विवेक, वुद्धि र सत्य यसका औजार हुन् । यसले हाम्रो समाज धेरै उचोस्तरको बनिसकेको कुरालाई मेकाउलेको सन् १८३२ मा बेलायती संसदमा पेस गरेको प्रतिवेदनले पुष्टि गर्दछ । पाश्चात्यले पहिले त हाम्रो वैभव लुटेर (सिकन्दरदेखि अनवरत रूपमा) लगे । भौतिक वस्तु लुटेर लगे । हामीलाई  कगाल बनाउने काम गरे । उनीहरूले हामीबाट सिकेर आफ्नो वैभव बढाउनुको साटो हामीमा विद्यमान वैभव लुट्ने काम निरन्तर गरिरहेका छन् । गरीव बनाइ राख्ने हरेक हथकण्डा प्रयोग गरि राखेका छन् । दाताका रूपमा मालिक भइराखेका छन् । औद्योगिक क्रान्तिका वखत कालाजातीलाई बलको भरमा दास कामदार बनाइएको प्रवृत्तिलाई उनीहरूले आज पनि निरन्तरता दिइराखेका छन् । अव हाम्रो ज्ञानपक्ष, सफ्टवैर पनि लुटी रहेका छन् । लर्ड मेकाउलेले बनाएको अंग्रेज महान भन्ने संस्कार लदान गराई रहेकाछन् । रबर्ट चेम्बरको 'पछाडिकालाई अगाडि लगाउने' पद्धतिको कार्यान्वयनले विकासोन्मुख मुलुक आक्रान्त भएका छन् । नेपाल सबैभन्दा बढि पीडित भएको छ । त्रिछाल (थर्ड वैभ) राजनीति भित्र यो पनि परेको छ ।

उदार अर्थतन्त्र
कमिशन बाद
दण्डहिनता
शिक्षा र यातायात
श्रोत परिचालन गलत नीति
नेपालमा विदेशीको प्रभाव

हामी पौरस्य सभ्यताका उत्तराधिकारी हौं । हाम्रो भन्दा पुरानो सभ्यता कसैको होइन । हाम्रो भन्दा वैज्ञानिक र उच्चस्तरको सोच विचार कसैको छैन । हाम्रोभन्दा उँचो नैतिकमूल्य कसैको होइन । हामीभन्दा बढी समभावी अरू कोही छैन । हाम्रोभन्दा बढी शान्ति प्रिय अरू कोही छैन । हामीले हरेक पलपलमा शान्ति र स्वस्ती वाचन गर्दछौं । हामीले विश्वलाई एक घर परिवार, वसुधैवम् कुटुम्बकम, मान्दछौं । हामीले मानिस नभचर, स्थलचर, जलचर तथा स्थावर जङ्घम प्राणीमा विभेद गर्दैनौं । प्रजा भनेर यी सबैलाई मानिसको समकक्षमा राख्दछौं । हाम्रा सबैथोक सबैभन्दा पहिलेका, सबैभन्दा वैज्ञानिक, प्रमाणिक र तथ्यगत छन् । सबैभन्दा सर्वहिताय छन् । यी सबै कुरा भएर पनि किन यतिखेर विदेशीको अनुशरण गर्दछौं र उनीहरूको निर्देशनमा काम गर्दछौं ? यो अहं विषय बनेको छ । विदेशीहरूले देखाएको  बाटो हिडिरहँदा हामी अहिलेसम्म तथ्यसत्यको नजिक पुग्न सकेका छैनौं ? विदेशीहरूले नेपालीलई हेर्ने, चिन्ने र मूल्यांकन गर्ने दृष्टि नै फरक छ । उनीहरूले देखाएको बाटोबाट हिड्ने नेपालीको परिचय पनि फरक खालको हुने स्वतः हुने नै भयो', छ । (ज्ञानमणि नेपालः नेपालको महाभारत प्रस्तावनाक) । यथार्थमा यतिखेर नेपालीले दिएका नयाँ विचार, नेपालीले स्मरण गर्न आग्रह गरेका आफ्ना पुर्खाले आर्जेको सभ्यता, खोजेका नयाँ कुरा अग्ला पहाडले चारैतिरबाट घेरिएर उपत्यकाभित्रै विलाइरहेका छन् ।

**राजतन्त्रको हत्याको श्रृङ्खला**

२०६३ साल माघ १० गतेको घोषणा
मध्यरात सार्वभौमिक अधिकारको संरक्षण

संबिधानतः निर्वाचित प्रतिनिधिलाई पनि जनताका सबै अधिकार प्राप्त हुँदैनन् । जनता सदैव सार्वभौम हुन्छ । त्यसमाथि अन्तरिम सरकारलाई त सबै अधिकार हुँदै हुँदैनन् ।  २०६३ जेष्ठ ७ गते गरेका ९ बुँदे घोषणाहरू जनताका अधिकार हुन्; अन्तरिम सरकार वा दलका अधिकार होइनन् । त्यस्तै अन्तरिम सरकारले विभिन्न माग राखी विभिन्न व्यक्ति/संस्था/दलसंग समझौता गरेको छ, ती सबै जनताका अधिकार हुन, खारेजीका भागिदार छन् । दल र दलका सदस्य मात्र जनता होइनन् । सरकार वा दलले जनताको सार्वभौमिक अधिकारको अपहरण गर्न सक्दैनन् ।

मध्यरात, २०६७ साल जेठ १५ गते, अबैध रूपमा संबिधान सभाको म्याद थपेर जनताको सार्वभौम अधिकारलाई तीन दलले पुनः बलात्कार नै गरे ।

दलले, अझ केवल दुइटा दलले, अन्तरिम संविधानमा संघात्मक स्वरूपलाई समावेश गर्नु जनताको सार्व भौमिकतामाथिको चरम बलात्कर हो । कुनै पनि दलभित्र आन्तरिक प्रजातन्त्र छैन । ह्विप जारिगर्ने गरिन्छ । त्यसले दलको कार्यसमिति जति ठूलो भए पनि एकजनाको तानाशाही हाबी हुन्छ । राजाबाट बाध्यताबस असंबैधानिक रूपमा संसद पुनर्स्थापन भए पछि गरिएका सबै निर्णय, घोषणाहरू लोकमत विपरित, लोकतन्त्र विपरित भएका छन् । संविधानको स्वरूप एकात्मक वा संघात्मक के हुने हो भनी तय गर्ने काम जनताको हो, जनताले जनमत संग्रहबाट त्यो हक स्थापित गर्न पाउनु पर्छ । जनको हक दलले  मिचेर लिनु बन्दूकको भरमा राज्य हत्याउनु भन्दा भिन्न होइन । राष्ट्रलाई दूरगामी असरपर्ने कुरामा जनमत संग्रह नगरेर जनतामा निहित सार्बभौमसत्ताको खिल्ली उडाइएको छ ।

समाज र प्रजातान्त्रिक सोच : भारतमा नेहरू परिबार र नेपालमा कोइराला परिवारले शासन नगरेको अवस्था प्रजातान्त्रिक हुन सक्तैन भन्ने एक थरी जनता छन । त्यो सोच प्रजातान्त्रिक नभएर अर्धचेतन समाजको प्रतिबिम्ब मात्र हो । श्रीरामको बंशजको राजा जस्तै यी वंशको मन्त्रीको नेतृत्व भए मात्र सुशासन कायम हुन शक्छ भन्ने अर्काथरीको भनाई राणा शासनको छाप मात्र हो । वैदिक राजधर्मको सस्मरणात्मक छाप पनि हुन सक्छ ।

सबै बेइमान सबै बिश्वास घाती

राजामा इश्वरीय शक्ति प्रतिष्ठापन गरिएको हुन्छ, ब्रतबन्धमा बटुकलाई । बिबाहमा दुलहा दुलइलाई र अरू सबै कर्ममा तत्तत् विषयमा ।

सत्ताभोगी जनता र राजा

सत्ताभोगी सबै स्वार्थी र बेइमान

बीपीसंग मेरो पहिलो परचिय, उहा भारतबाट उपचार गरेर विराटनगर फर्किएपछि कोइराला निवासमा भएको हो । त्यतिबेला म पार्टीको मोरङ जिल्ला सचिव थिए । ०१७ सालको कू पछि कांगेसका प्रायः सबै नेता पक्राउ परसिकेका थिए । प्रजातान्त्रिक आन्दोलनलाई पुनः उठाउन कोलकातामा हुनुभएको सुवर्णशमशेर राणाले ठाउँ-ठाउँमा 'एक्सन कमिटी" गठन गर्नुभएको थियो । त्यही अन्तर्गत तराई कमिटीको सचिव थिए, म त्यतिबेला मोरङ र सुनसरी एउटै जिल्लामा गाभिएको थियो । बीपी करबि चार दिन बस्नुभयो । माघ महिनाको त्यो जाडोमा बीपीले सहिद मैदानमा दिएको भाषणमा भन्नुभयो, राजासंग कुरा हुन्छ । अनि, कसरी अगाडि बढ्ने बाटो तय हुन्छ । बम्बईमा उपचारका क्रममा बीपीको राजा महेन्द्रसँग भेट भएको रहेछ । फेरी, दरबारसँग कुरा भएको थियो ।

बीपीले विराटनगरमै हुदा एउटा रोचक कुरा सुनाउनुभयो । उहाँ जेलमा छंदा बेलायती राजदूत आफ्नो कार्यकाल सकेर देश फर्किन लागेका रहेछन् । उनले राजासँग बिदाइ लिने क्रममा एकपल्ट बीपीलाई भेट्न मन लागेको भनेछन् । महेन्द्रले उनलाई भेट्ने स्वीकृति त दिए । तर, आफ्नो पनि एउटा सन्देश सुनाउन भने, 'संविधानको ड्राफ्ट बीपीले लेखून् । तर, नामचाहिू म दिन्छु । त्यति बेला बीपीले बेलायती राजदूतलाई कूटनीतिक उत्तर दिनुभएछ, म अहिले जेलमा छु, नेता सुवर्णशमशेर हुनुहुन्छ । त्यसैले म कसरी स्वीकृति दिन सक्छु । उहाँ जेलमै हुँदा संवादका लागि भाइ गिरिजाप्रसादलाई महेन्द्रले रहिाइको आदेश दिए । गिरजिाबाबु मार्फत भित्रभित्रै वार्ता चलिरहेको थियो । त्यतिबेला प्रधानमन्त्री थिए सूर्यबहादुर थापा । थापाले गिरिजाबाबुलाई सधैं हैरान पार्ने रहेछन्, यो सोधेर कि राजासँग के कुरा भयो ? एक दिन गिरजिाबाबुले महेन्द्रलाई भन्नुभएछ, तपाईंको पीएमले हामीबीच के कुरा भयो, सुनाऊ भनेर हैरान पार्छन् । राजाले परिस्थितिको गम्भीरतालाई बुझ्न सकेनन् । भनिदिएछन्, 'पीएमलाई भन्दा केही फरक पर्दैन ।'

त्यसपछि गिरजिाबाबुले राजासग भएको संवाद सूर्यबहादुरलाई भन्नुभयो । तर, दुर्भाग्य कूटनीतिक मर्यादाको ख्याल नराखी सूर्यबहादुरले सबै कुरा भारतीय राजदूतलाई सुनाउँदा रहेछन् । पछि, वार्ता भंग भयो । एक दिन गिरजिाबाबु स्विमिङ गररिहनुभएको रहेछ । महेन्द्रका एडीसी शेरबहादुर मल्लले कट्टु मात्र लगाएका गिरजिाबाबुलाई त्यहीबाट उठाएर लाने क्रममा भनेछन्, 'अबदेखि कुराकानी हुँदैन ।' राजनीतिमा पशुपतिनाथलाई छाडेर अरू कसैको कुरा हुन्छ भने त्यो हो, बीपी कोइरालाको । अहिले पनि उहाँकै नाम बेचेर काम चलिरहेछ ।

महात्मा गान्धीको कुरा छोडौ । भारतमा पनि उहाँजस्तो भिजन भएको नेता भेटेको छैन । यो त नेपालको दुर्भाग्य , ५० वर्ष अगाडिको भिजन राखेर हिड्ने मान्छेलाई त्यहाँको राजशाही र सामन्तवादी सोच भएकाहरूले शासन गर्न दिएनन् । क्या गजबको कन्भिन्सिङ पावर थियो उहाँको । उहाजस्तो बोल्ने शैली न नेपालका नेतामा थियो, न भारतकै । अहिले भारतमा नरेन्द्र मोदीले बीपीजस्तै केही छाँट देखाउँदै छन् ।

भारतीय कांग्रेस मूलतः राजा-महाराजाबाट बनेको पार्टी हो । त्यसैले नेपालमा प्रजातन्त्र बहाली गर्ने कुरामा बीपीलाई कहिल्यै साथ दिएन । भारतमा राष्ट्रियस्तरमा आन्दोलन गर्न सक्ने हैसियत न जवाहरलाल नेहरूसूग थियो, न इन्दिरा गान्धीसँग । त्यो सामर्थ्य जयप्रकाश नारायणले राख्थे, गरे पनि । अहिले पनि भारतीय राजनीतिमा न नेहरूले बनाएका मान्छे सत्ताको केन्द्रमा छन्, न इनदिराले । तर, जयप्रकाशले तयार पारेका मान्छे जताततै छन् ।

# कति मीठो शब्द : म नेपाल हाँसेको देख्न चाहन्छु



**सुरेशकुमार पाण्डे**

नयाँ सम्बत् सुरू भयो, पात्रो फेरियो छ । २०२६ को सबैमा मङलमय शुभकामना । नयाँ सालले  देश र जनताको हितमा आवाज उठाउनै शक्ति प्रदान गरोस् यही शुभकामना छ ।

हामी सानो छँदा बा आमाले 'लोला' किनेर दिएपछि न्यानो ऊनिको स्युइटर चाहिंदैनथ्यो । त्यसैमा भुल्लिन्थ्यौं । जाडो नभएर होइन स्युटरले गर्ने काम छुट्टै हो तर लोला पाएपछि त्यसैलाई बजाएर आनन्द महसूस् गथ्यौं । त्यस्तै हामी नेपालीहरूको आजको समाज छ । जसले गुलिया नारा लगायो उसैको पछि लाग्छौं । त्यो जस्तो सुकै ब्यक्ती भएपनि रोजगार दिन्छौं भने पछि युवाहरू उसैको पछि लाग्छन् । एक छाक रक्सी र मासु खान दिएकै भरमा उनीहरूले आफ्नो अमूल्य मत जस्तोसुकैलाई पनि दिएका हुन्छन् ।

यो साँचै हो भोकालाई के चाहिन्छ माम, नाङ्गालाई के चाहिन्छ नाना, गरिबलाई गास, बास र कपास चाहिएको छ । उनीहरू विदेशका गल्ली, कोठी र होटलहरूमा काम खोज्दै हिंडेका छन् । मानौ र छानोको व्यबस्था मिलाउनकै लागि उनीहरू भन्छन् - साहुजी मैले हजुरको घरको कुचो देखी भाँडा ,लुगा देखि भान्शा सबै सफा गर्छु मलाई काम दिनुहोस् । आम नेपालका पौरखी श्रमजीविहरू यस्तै भनेर विदेशी धनाढ्यहरू सामु गिडगिडाएका हुन्छ, काम मागेका हुन्छन् । आज नेपाली नपुगेको कुनै पनि देश छैन होला ।

चोरबाटो गएर जेलमा बन्द भएर सास्ति खेप्दै प्रत्येक देशका फोहोर सफा गर्ने र चोरहरूका चौकीदारी गर्ने, भान्सा पकाएर उनीहरूको मेचमा पुराउनेहरू, वोडरहरूमा लडेर उनीहरूको देशको सुरक्षा गर्ने नेपाली वीर हौं । जसले चिसो तातो नभनी सधैं भाडामा अरूको देशको रक्षक बनेर आफ्नो प्राणको बली चढाउने हामी नै हौं । बदलामा उपनाम बहादुर छ र बासी रोटी उपहार पाएर खुसी खुसी ज्यान कुर्वान गर्दै आएका छौं ।

यसरी अत्यान्तै अभावमा बाँचेका हामी नेपालीहरूका लागि देशमा परिवर्तन, मुक्ती,क्रान्ती,आमूलपरिवर्तनका नाराहरूले अत्याधिक महत्व राख्छन् । अँझ त्यो भन्दा पनि ऐतिहासिक सत्य त यो हो की प्रत्येक नागरिकको चाहाना आफ्नो देश हाँसेको देख्ने छ । सदियौं देखि आफू मरेर भएपनि देश हासेको देख्नेहरूको जमात शहिदको लामू लिष्ट छ ।

यो देशमा शान्ति सुब्यलस्थाका लागि सदियौं देखि नेपालीहरूले सङ्घर्ष गर्दै आएकाछौं । निरङ्कूश शासन फालेर सुदिन ल्याउन कयौंले होनहार छोरा-छोरी गुमाए, कयौंले बा आमा गुमाए, कयौंले श्रीमान श्रीमती गुमाए । हजारौं विद्रोही बनेर सङ्घर्षको मैदानमा हामफाले र उनीहरूको सहदात पछि गणतन्त्र आयो । अब गणतन्त्रमै पनि त्यो रोग सल्कियो । भ्रष्टाचार, अपराध, बलात्कार, महंगी घुसखोरी आदि उस्तै छ । गणतन्त्र होइन, भ्रष्टाचारतन्त्र संस्थागत भयो ।

हाम्रा बा बाजे अंग्रेजको बिरूद्धमा राणाको बिरूद्धमा लडे, हामी पञ्चायती तानासाहको बिरूद्धमा लड्यौं र हाम्रा छोराहरू भ्रष्टाचारको बिरूद्धमा लडेका छन् । अब यस्तो बातावरण बनाउन थालिएको छ हाम्रा नातिहरू साम्राज्यवादीहरूको कटपुतली सरकारको बिरूद्धमा लड्न बाध्य हुनेछन् । अर्ध उपनेबेसिक त अहिले पनि छ तर हामी नेपाली जनताले सचेत नहुने हो भने देश साम्राज्यवादको प्रत्यक्ष उपनेबेसिक हुनेछ । त्यसपछि देशमा हाम्रो सन्तान् सदियौंसम्म लडिरहने अबस्थाको थालनी हुनेछ । जस्तै अफगानी जनताले साम्राज्यवादको खिलाफ बीश वर्षसम्म सशस्त्र शङ्घर्ष गर्नुपर्यो त्यो पनि तालिबानी आतङ्कवादको बेच टांसेर ।

हामी सबै देशका नागरिकहरूले आफ्नो देश हाँसिरहेको देख्न चाहान्छौं ।त्यो शब्द खाडीमा उँट चराउँने,विदेशको गल्लीमा लाठी बजार्ने,होटेलमा भाँडा खकाल्नेहरूले भनेको भए नेपाली जनताले पताउने थिए । उनीहरूलाई धन्यवाद दिनेथिए तर आज त्यो शब्द सहकारी ठग,अनि मकै पोलेर जीवन यापन गर्ने गरिबहरूलाई खदेड्नेहरूको गठजोडहरू द्वारा भनिएको छ ।सहकारीमा उनै गरिबहरूको पसिना र रगत मिसिएको हुन्छ भन्ने डगहरूलाई के थाहा ?

जसले देशलाई जलाएर खरानी बनाउन युवाहरूलाई उक्साए, निर्दोष बाल बालिकाहरूलाई मराए, सरकारी सम्पत्ती खरानी पारे, जेलबाट अपराधीहरूलाई हतियार सहित भगाए । सरकार गैरजिम्मेवार भयो, अपराधी भगाउने देश हाँसेको हेर्न चाहन्छौं भनिरहेका छन्, हामी दङ्ग छौं ।

कति राम्रो शब्द मलाई पटक पटक सुनौं झैं लाग्ने शब्द हामी नेपाल हाँसेको देख्न चाहान्छौं । हामी उज्यालो नेपाल देख्न चाहान्छौं । हामीले किसोर अबस्था देखि नेपाललाई हँसाउन आफ्नो साराजीवन लगायौं तर एकपछि आर्को ठग आइरह्यो । एउटा ठगलाई फ्याँक्छौं आर्को ठगले देशको शासन चलाउँछ ।

जसले हिंजो असमान सन्धि सम्झौताको बिरूद्धमा हामीसँगै नारा लगायो । ऊ सरकारमा गयो र आर्को असमान सम्झौता गर्यो । जसले बिस्तारवाद, साम्राज्यादको बिरूद्धमा हामी सँगै नारा लगायो अब यसले केही गर्छ की भनेको उसैले पनि धोका दियो ।

अहिले त रूझान पहिलेनै प्रष्ट भएको छ । सरासरले वि.स. २०८४ मा चुनाव हुनु नै थियो । त्यो चुनाव आफ्नै रोहबरमा गराउन उनीहरूले बिचमै देशमा भ्रष्टाचारको नाउमा विद्रोह जन्माए । ताकि आगामी चुनावलाई आफ्नै पोल्टामा पार्न सकियोस । अहिलेको अबस्था त्यही हो राजनैतिक दलहरू सबैलाई भ्रष्टाचारी बताएर विदेशीका ऐजेन्टको सरकार बनाउन सकिन्थ्यो ।

अन्तरिम सरकार विदेशी षडयन्त्रमा बनेको सरकार भनिदैछ । चुनावका लागि उनीहरूले जीतको रणनीति तैयार पारिसकेका छन् । भ्रम दिने हो, भ्रममा बाँच्ने हो ।

आखिर कसैले आफ्नो आमा रोएको देख्न सक्छ ? जनजीविकाकै लागि हामीले देश विदेशमा रहेर पनि सङ्घर्ष गर्दै आयौं । नेपाल आमालाई हाँसेको देख्नकै लागि हो ।

त्यो सपना नेपाल आमाका सच्चा सन्ततीले देखेकाछन् । कुनै विदेशीका दलालहरू नव लैण्डुपहरूको उदेश्य नेपाललाई हाँसेको देख्ने हात्तिका दाँत हुन्छन् । उनीहरूको उदेश्य पानी धमिल्याएर माछा मार्ने नै हुन्छ ।

विदेशी साम्राज्यवादको इसारामा उफ्रिनेहरूको आवरण जस्तोसुकै भएपनि उद्देश्य राष्ट्रघात जनघात नै हुन्छ । घातीहरू देशभक्तले भन्दा क्षणिक रूपमा केही जनतालाई सहयोग गरेको अभिनय गर्नसक्छन् । चर्को प्रचार गर्न र ठूलठुला होटलहरूमा भब्य कार्यक्रम गरेर प्रचार गर्न सक्छन् । किनकी उनीहरू विदेशी धन र दलाली मनबाट सजिएका हुन्छन् । एउटा देशभक्त खाडीबाट आएर देशको हितमा आवाज उठाउने सँग त्यो औकात हुदैंन । जसले माटो सँग प्रेम गर्छ त्यो भुँई मानिस कसरी सत्तामा पुग्छ ? सच्चा नेपालीले क्रान्तिका कुरा गर्न सक्दैन । जनतालाई संगठित गर्नसक्दैन । झूठा कुरा गरेर चुनावी नाटक पनि गर्न सक्दैन । सच्चा व्यक्ति चेतना फैलाउँदा कसरी नेता बन्छ र ?

सडक र सदनमा एउटै आवाज बोल्न सक्ने नेता यो देशको देशभक्त हो । यहाँ दिनौं छेपारो जस्तै रङ्ग बदि्लएकाहरूले देशलाई हाँसेको होइन खरानी पार्ने उदेश्य बोकेकाले कुनैपनि कालखण्डमा देशहित गर्न सक्दैनन् । बरू देश नै छाडेर भाग्लान् । जसले देश र जनताको हितमा आवाज उठायो हामी सबैको नेता उही हुनुपर्छ । त्यसैले सकारात्मक सोंच बोकेका देशभक्तहरूलाई कुनैपनि भ्रममा नपरेर साथ सहयोग दिनु देशबासीहरूको कर्तव्य हो । आफ्नो आमाको रक्षाका लागि कर्तव्य नभुलौं ।

# सुशीला सरकारको हाँस न कुखुराको चाल

**अनुसा थापा**

सुशीला सरकारः न भ्रष्टाचारविरूद्ध उभिनसक्यो, न जेनजीका एजेण्डामा उभिनसक्यो । कानुन कार्यान्वयन गर्न, खर्च घटाउन केही गर्न सकेन ।

कालोबजारी बढेको छ, नक्कली भ्याटबीलका घटना घटेका छन्, तस्करी र माफियाकरण जारी छ । पूर्व प्रधानन्यायाधीश प्रधानमन्त्री, नतिजा शून्य । न सरकार सचेत छ, न नियामक निकायले अनुगमन गर्छ । जसको एउटा जल्दोबल्दो उदाहरण यातायात व्यवसायी हुन् । यातायात व्यवसायीले यात्रुसँग भाडा लिन्छन् तर टिकट दिँदैनन् । सरकारले एक किलोमिटरबाट पाँच किलोमिटरसम्म पाँच रूपैयाँ भाडा तोकेको छ । तर, व्यवसायीले एक किलोमिटरमै २५ रूपैयाँ असुल्छन् । नदिए सहचालकले यात्रुलाई हपार्छ । यातायात व्यवसायीले मनलाग्दी भाडा लिएर यात्रु ठगिरहेका छन्, ट्राफिक प्रहरी यातायात व्यवसायीले ठगेमा १०३ मा फोन गर्नुस् भन्छन् । उजुरी गरेर मात्र के गर्ने ?

अन्य व्यवसायको हकमा पनि त्यही नै छ । सरकार जनताको अभिभावक हो । तर, अभिभावकले निर्वाह गर्नुपर्ने दायित्व सरकारले निभाएको छैन । जनतालाई सरकारले ठगिनबाट जोगाउनुपर्ने हो । कुराले मात्र केही हुँदैन ।

जनताको उजुरीमाथि तत्काल एक्सन लिने हो र सरकारले चुस्तदुरूस्त रूपमा आफ्नो भूमिका निर्वाह गर्ने हो भने कसले ठग्न सक्छ ? एक अध्ययन अनुसार यातायात व्यवसायीले यात्रुसँग दिनमा १८ करोड रूपैयाँ ठग्छन् । ठूला व्यापार व्यवसायीले देशभरिमा दैनिक कति ठगेका होलान् ? कहाँ छ सरकार ?

घरधनीले एउटा कोठाको ठाउँ हेरेर पाँचदेखि २५ हजारसम्म घरघाडा लिन्छन् । एउटा खाली सटर २० लाख रूपैयाँसम्ममा खरिदबिकी हुन्छ । फ्ल्याटको भाडा ३० हजारदेखि लाखौंसम्म हुन्छ । घरधनीले भाडा लिन्छन्, बिल दिँदैनन् । बत्ती, पानी, फोहोरको पनि मनलाग्दी भाडा असुल्छन् । खुद्रा व्यवसायीहरूले पनि सामान बेच्छन् तर बिल दिँदैनन् । बिलको नियम कहींकतै पालना भएको छैन । सबैतिर सिण्डिकेट चलेकै छ । हरियो प्लेटको ट्याक्सी, कालो प्लेटको ट्याक्सी, फो स्टक टेम्पो, कालीमाटीमा तरकारी बोक्ने ढुवानी गाडीदेखि एयरपोर्टसम्मका यातायातमा पनि सिण्डिकेट लगाइरहेका छन् ।

पछिल्लो समय पठाओ, मोटरसाइकल अत्यन्तै चलनचल्तीमा छ । पठाओहरू पैसा लिने तर बिल नदिने । ट्याक्सीहरूले मीटरमा दुई सय रूपैयाँ उठ्ने बाटोमा पाँच सय लिने, बिल दिँदैनन् । मनलाग्दी सर्वत्र छ, कानुन कागजमा ।

यातायात कार्यालयमा लेनदेन उस्तै हुन्छ । ३२ वटा चीजमा ३६ वर्षदेखि राजश्व बढेको छैन । सरकारले जतिमा किनबेच भयो त्यसको एक प्रतिशत मात्र राजश्व उठाउने हो भने कति पैसा राज्यको ढुकुटीमा जम्मा हुन्छ ?

निजी प्लेटको गाडीले रोड परमिट, जाँचपास, प्रदूषण कतै पनि राजश्व उठ्दैन । घरेलु, ठूला उद्योग, मालपोत जतततै राजस्व ठग्ने कार्य भइरहेकै छन् । शेयरबजारमा पनि सेटिङ चलेकै छ । सुन तोलाको दुई लाख ७० हजार सात सय रूपैयाँ पुग्यो । खरिद बिक्री भएकै छ, कहाँबाट आउँछ र खपत हुन्छ ?

सुन तस्करी चलेकै छ । राजस्व खानेहरूले ठगेकै छन्, राजस्व खर्च गर्नेले कमिशन खाएकै छन् । भ्रष्टाचार ७६१ सरकारमै व्याप्त छ । सुशीला सरकारले पनि विदेशी र आन्तरिक ऋण लिने काममात्र गरेको छ । यो अति हो ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ पुस २२, Jan. 6, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# सुशीला, सुदन वा बालेनहरूले चुरीफुरी नगरे हुन्छ

जेनजी आन्दोलनले २७ घण्टामा लोकतान्त्रिक गणतन्त्रको जगै उखेलेर फालिदियो । लोकतन्त्र, लोकतन्त्र, गणतन्त्र, गणतन्त्र भनेर नथाक्नेहरू पुच्छर लुकाएर भागे, लुके । एकजना नेता म लोकतन्त्रवादी, म सांसद, म मन्त्री, म कांग्रेस, म एमाले, म माओवादी भनेर सडकमा निस्कन सकेनन् । त्यत्रो भूकम्पजस्तो जेनजी आन्दोलनको उपलब्धि के त ? त्यतिठूलो विध्वंशपछि गठन भएको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले ४ महिनामा गऱ्यो के ? जेनजीले उठाएका मागहरू के चाहिँ पूरा भए ? केपी ओलीको सरकारबाट मुलुकलाई मुक्त गर्नु र अन्तरिम सरकार गठन गरेर ०८४ मा हुने चुनावलाई ०८२ मा सार्न नै विध्वंशको उपलब्धि हो त ?

मुलुकलाई भ्रष्टाचारबाट मुक्त गर्नु, भ्रष्टाचारीलाई कानुनी दायरमा ल्याएर कारवाही गर्नु, सर्वस्वीकार्य संविधान निर्माण गर्नु, सुशासन कायम गर्नु, युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुजस्ता जेनजी आन्दोलनका मागहरू कहाँ हराए ? जेनजीका नाममा सुदन गुरूङ, बालेनहरूले राखेका र चाहेका माँगहरूमात्र पूरा हुने हो ? अहिले पनि एकथरि जेनजीहरू आन्दोलित छन् । आमरण अनसनमा बसेकालाई जूस पिलाएर अनशन तोडाइदैछ । तिनका मागहरू कहिले पूरा हुने ? सरकार खाली सुदन गुरूङ गुटकोमात्र माग पूरा गरिरहेको छ । सुदन इतरका जेनजीका मागहरू पूरा कहिले हुने हो ? अभियन्ताबाट राजनीतिमा रूपान्तरण भएका दुर्गा प्रसाईहरू आफ्ना माग पूरा नभए आन्दोलन गर्ने धम्की दिइरहेका छन् । माइतीघर मण्डलादेखि बहादुर भवन (निर्वाचन आयोग)सम्म आन्दोलनको रापताप छ । तर सुशीला सरकार कसैको मागप्रति संवेदनशील देखिदैन । सरकार एकपक्षीय भएको छ । यो समय एकपक्षीयता कसैले रूचाउने विषय हुँदैहोइन ।

अब राप्रपा, दुर्गा प्रसाईहरूले मात्र होइन कि कांग्रेस, एमालेका उपल्लो तहका केही नेताहरूले समेत राजसंस्थालाई संविधानमा समेट्नुपर्ने भनिरहेका छन् । जेनजी नामधारी सरकार अटेर गरेर बसिरहेको छ । एकथरि जेनजी र आन्दोलितहरू सर्वपक्षीय सरकार गठन गर्नुपर्ने भनिरहेका छन्, यसतिर पनि बहस छैन । दिनहुँजसो राजतन्त्रवादीहरूले देशका विभिन्न भागमा जुलुस, ऱ्याली, कोणसभा, आमसभाहरू गरिरहेका छन् । तर अहँ कुनै पनि सरकारी निकायको ध्यान त्यतातिर गएकै छैन । वार्ता गर्न आएका राजावादीलाई प्रम सुशीला कार्कीले कुरा सुनेर र आश्वासन दिएर फर्काउने गरेकी छिन् । सुशीला सरकारका अनुसार फागुन २१ मा निर्वाचन गराउने कार्यादेश पालनामा दत्तचित्त भएर लागेको देखिन्छ । महगी नियन्त्रण, भ्रष्टाचारीमाथि कारवाही, जेनजी आन्दोलनमा राज्यदमन गरेर जेनजी मार्नेहरूलाई कारवाही गर्नमा बिल्कुल उदासीन देखिदैछ । एकथरि भन्छन्- सुशीला सरकारको मुख्य उद्देश्य हिंसा फैलाउने र अन्य गम्भीरखालका अपराधीलाई खुला छुट दिने र चुनावपछि बालेनलाई सत्ता सुम्पने एकमात्र उद्देश्यमात्र देखिन्छ । त्योभन्दा बढी प्रम सुशीलालाई विदेशीले थप दायित्व दिएकै छैनन् भनिदैछ । के हो यथार्थ ?

अदालतले संसद पुनर्स्थापना गर्छ भन्नेभन्दा पनि चुनावी वातावरण बन्दै गएको देखिन्छ । चुनावपछि बालेन साह नैं प्रधानमन्त्री बन्ने हुन् भन्ने प्रचारप्रसार भइरहेको छ । एक अर्काथरि विश्लेषकका अनुसार भूराजनीतिको चपेटामा परेको मुलुकमा बालेन नै प्रधानमन्त्री हुन्छन् भन्नु अतिशयोक्ति हुनजान्छ । बालेन र उनको रास्वपालाई धुलिसात तुल्याउन अर्को शक्ति पनि मैदानमा उत्रने पक्का छ । चिसो सूचनाअनुसार फागुन २१ को चुनावमा बालेनमाथि अन्तरघात हुने योजना बुनिदैछ । सुशीला सरकारले जुन कमजोरी देखायो, जेनजीलाई हेरेको हेऱ्यै पाऱ्यो, यसबाट ०७९ को जस्तो हेरौं नत भनेर जनताले भन्नसक्ने स्थिति छैन । जसरी बालेन साहले सामाजिक सञ्जालमार्फत र रवि लामिछानेहरूले डाइनामिजम देखाउने गरेका थिए, त्यसमा खुकुलो हुने क्रम बढिसकेको छ । अर्थात् रास्वपामाथि धक्का दिने मोर्चाहरू खोलिएका छन् । भदौरे जेनजी आन्दोलनमा मारिएका ७८ जनाको सहादतको सम्मान जेनजी नामको सरकारले गर्न नसक्नु र सरकारमा बालेनका इसारा चलिरहनुले पनि चुनावी नतिजा अनुमानभन्दा पृथक आउन सक्छ । जेनजी सरकार देखेपछि अन्य पार्टीहरूका जेनजीहरू बालेनबाट हुन्न भन्न थालिसकेका छन् । जेनजी सरकारले नेपालीको मन जित्ने निर्णय गर्न नसक्नु दु:खद हो भन्नेहरूको ताँती पनि बाक्लै देखिन्छ । पहिलो महिला र पूर्वप्रधानन्यायाधीशले प्रधानमन्त्री बन्न पाएको अवसरलाई सफल पार्न जेनजीका मागहरू संवोधन गर्नसके इतिहास बन्नसक्ने देखिन्छ । पद, भत्ता, तलव दिएर गौरीबहादुर कार्कीको छानबिन आयोग पनि हात्तीको देखाउने दाँतमा सिमित हुनु आश्चर्य होइन । ४ महिनामा पनि देशको बागडोर सम्हालेले जेनजी आन्दोलनमा भएको जनधनको क्षतिप्रति जवाफदेही हुनुन पर्ने स्थिति नै यो सरकारको असफलता हो । चुनाव हुँदैमा, मरिसकेको संविधान कायम राख्दैमा राष्ट्रिय मुद्दाहरूको किनारा लाग्न सक्नेछैन । चुनाव होला, संसद र संविधान स्थापित होला, सडक शान्त कसरी हुनसक्छ ? प्रम सुशीला कार्की युवा र आमनेपालीको भावनालाई आत्मसात गर्नतिर लाग्नुपऱ्यो । राष्ट्रलाई न्यायपूर्ण समाजतिर उन्मुख बनाउने कि अनिष्टकारी भनेर बदनाम हुने ? प्रम सुशीलाले बुझ्केकी छिन्- आमनारिकले यही संविधान, चुनाव र संसद चाहेकै होइनन् । जेनजीको असन्तुष्टि यो हुँदै होइन । यसका लागि सर्वस्वीकार्य संविधान पहिलो सर्त हो । एकथरि चुनाव भन्ने, अर्काथरि संसद पुनर्स्थापना, तेस्राथरि आन्दोलन गर्ने हो भने समस्या झन झन बल्झिने छ । ओली, प्रचण्ड, देउवा, माधवहरूले देश डुबाए, अब सुशीलले देशको अस्तित्व समाप्त पारिन् भन्न बाध्य बनाउने तैयारी हो त ? नेपाली भएर बाँच्न चाहने हो भने सुशीलाहरूले अन्तरिम सरकारले बोल्ड निर्णय गर्नैपर्छ ।

राजतन्त्र नभए देश खरानी हुन्छ भनेर सबैले बुझिसके । त्यसकारण संविधान संशोधन गरेर हुन् या यो संविधान खारेज गरेर, राजसंस्थालाई संविधानमा स्थान दिनतिर लाग्नुपर्छ । तवमात्र इतिहासले सुशीला कार्कीलाई इज्जत गर्ला ? स्मरणरहोस्, जुन गलत नीति र व्यवहारका कारण देउवाले कुटाई खाए, ओली हेलिकोप्टरमा भाग्नुपऱ्यो, प्रचण्डहरू अँध्यारा कोठामा लुक्न बाध्य भए, राष्ट्रपति सेनाको ब्यारेकमा पुग्नुपऱ्यो, अब गल्ती गर्नेले त्यस्तो सुविधा पाउलान् कि नपाउलान् ?

राष्ट्रका सम्पदा बन्लान् बनाउन सकिएला, आमाका काखका बालबालिका जसलाई राज्यले गोली ठोकेर माऱ्यो, योभन्दा ठूला अपराध केही हुनसक्दैन । ती जेनजी युवाहरूले किन, केका लागि ज्यान दिए, तिनलाई निर्मम तरिकाले किन मारियो ? नयाँ पुस्ता र तिनका अभिभावकहरूलाई यस्तो अतिवाद र जनअपेक्षाको इन्कार पाच्य हुनेछैन । आगामी दिनमा बलिया भनेका जनता हुन् । जनता भ्रमबाट ब्यूँझिसकेका छन् । यो कुरा सबैलाई हेक्का रहोस् । अवसर छ, अवसर छोपेर जनइच्छाअनुसार सर्वपक्षीय स्वीकार हुनसक्ने संविधान निर्माणमा लाग्ने हो भने पुरानाप्रति घृणाभाव निर्मलीकरण भएर सहमतिबाट राष्ट्रिय अस्तित्व बच्नसक्छ ।

# भ्रममा नपरौं, काम गर्नेलाई चुनाव जिताऔं

अनिसा थापा

फागुन २१ गते आउन लामो समय बाँकी छैन । दलहरू चुनावी तैयारी गर्दैछन्, आमनागरिकबीच चुनावको विषयमा बहस शुरू भइसकेको छ । सार्वजनिक स्थल, यातायात, चिया पसलहरूमा जनताले चुनावको कुरा गरेको सुनिन्छ । पुरानाभन्दा नयाँको चर्चा बढी छ । राजनीतिमा नयाँ जिताउनुपर्ने ठूलै आवाज छ । खासगरी नयाँमा रास्वपाको चर्चा छ । रास्वपामा कुलमान घिसिङ र बालेन साह प्रवेश गरेपछि ठूला दलहरू कांग्रेस, एमाले, नेकपा (माओवादी) त्रसित भएको देखिदैछ ।

रास्वपाका सभापति रवि लामिछाने उच्च अदालत, तुलसीपुर बुटवल इजलासको आदेशले गत पुस ३ गते बैंक जमानतमा छुटेका छन् । उनीमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दा छ । मुद्दाको किनारा कहिले लाग्छ, भन्न सकिदैन । उनीमाथि अमेरिकामा विभिन्न मुद्दा परेपछि नेपाल आएको आरोप पनि छ । पत्रकारिताबाट एकाएक राजनीतिमा छलाङ मारेका उनीमाथि आफ्नै सहकर्मी शालिकग्राम पुडासैनीलाई आत्महत्या गर्न बाध्य बनाएको आरोप पनि छ । रविको ड्राइभरको छतबाट खसेर निधन भएको विषय सेलाएको छ तर आशंका बाँकी छ । जेनजीहरूलाई उचाल्ने उनी नै हुन् भनिन्छ । भदौ २३ र २४ गतेको आन्दोलनमा उनले जेनजीलाई नख्खु जेलभित्रैबाट समर्थन गरेका थिए । उनी जेलबाट निस्किएको विषय र पुन: जेलमा हाजिर हुन गएको विषय पनि छानबिन मै छ । रवि जेलबाट निस्किएपछि हो, देशैभरिका जेल तोडिएको । प्रहरी कुटिए र लाखौं गोली, हजारौं हतियार लुटिएकोमा फिर्ता भएको छैन । १४ हजार भागेका अपराधीहरूमा ५ हजार अझै फर्केका छैनन्, तिनका कारण चुनावमा बितण्डा हुने, समाजमा हिंसा बढ्ने आशंका पार्टीहरूको छ ।

भदौ २३ को आन्दोलन र २४ को बिध्वंशमा ७८ जेनजी मारिए, कार्यपालिका-न्यायपालिका-व्यवस्थापिका, प्रधानमन्त्री तथा राष्ट्रपति भवन सबै खरानी पारियो । सरकारी सम्पत्तिमा ८४ अर्बको क्षति पुगेको भनिन्छ । छानी छानी निजी सम्पत्तिहरू ध्वस्त बनेको छ ।

तथापि रवि लामिछाने जेलबाट छुटेपछि निर्वाचनको माहोल भने बनेको छ । उनले वालेन साहलाई पार्टीमा भित्र्याएका छन् र भावी प्रधानमन्त्री भनेर घोषणा पनि गरिसकेका छन् । निर्वाचन होला तर विवादै विवादले घेरिएका व्यक्तिले देशलाई भ्रष्टाचारमुक्त बनाउँलान् ? सुशासन कायम गर्लान् ?

वालेन साह जेनजी पुस्तामा पपुलर छन् । कुनै बेला उनले श्रीमती चढेको गाडी प्रहरीले चेक गऱ्यो भनेर सिंहदरवार जलाइदिन्छु भनेर दिएको धम्की र जेनजी आन्दोलनमा सिंहदरवार जल्नुले वालेनमाथि प्रश्न उठेको छ ।

वालेनमाथि महानगरको सम्पत्तिको चरम दुरूपयोग गरेको भनिन्छ । प्रमाणसहित भ्रष्टाचारका विषय बाहिर नआए पनि वालेनलाई रहस्यमय पात्र मानिन्छ । बालेनले सफाइ र निर्माणमा देखाएको तदारूकता र जागरूकतालाई विदेशीले समेत प्रशंसा गरेका छन् । वालेन साहको शक्ति भनेको सामाजिक सञ्जाल हो । स्टाटस लेख्ने तर जनतासँग अन्तरकृया नगर्ने बानीका कारण वालेनमाथि गँजडीको आक्षेप पनि लाग्ने गरेको छ । बालेनले सरकारी विद्यालयमा पठनपाठन र छात्रबृत्तिको जुन व्यवस्था गरिदिएका छन्, फल्चा निर्माण र संस्कृति, इतिहासको जगेर्नामा ध्यान दिएका छन्, धेरैले वालेनको यो राम्रो पक्ष भनेका छन् । जेनजी बिद्रोह भइरहदा दमकल किन नपठाएको भनेर उनीमाथि प्रश्न गर्ने छन्, प्रश्न त सेनामाथि पनि गरिएको छ । २४ गतेको भीड, त्यो भीड नियन्त्रण गर्न हतियार चलेको भए झन ठूलो रक्तपात हुन्थ्यो । कुरा काट्ने काटिरहन्छन् । जेनजीले आन्दोलन गरे, यो आन्दोलन जेनजी र आमनेपालीको पनि थियो । यो आन्दोलनको कारण भनेकै ठूला पार्टी र तिनले गरेका लुटतन्त्र हो । बालबालिका मार्ने, राज्यदमन गर्ने, जिम्मेवारी नलिने । योभन्दा कुशासक, निरंकूश के हुनसक्छ ?

जेनजीको नाममा अन्तरिम सरकार बन्यो । काग्रेस, एमाले, नेकपा आन्तरिक विवादमा छन् । तिनका प्रतिद्वन्द्वी मानिएका रास्वपा, राप्रपा, जसपालगायतका पार्टीहरू बिबादरहित छैनन् । जेनजी आन्दोलनकालमा नागरिक समाज, बुद्धिजीवी छैनन् भन्ने शून्य अवस्था देखियो । अभियन्ता र आन्दोलनकारी सडकमै छन् । राष्ट्रिय मुद्दाहरू असरल्ल छन् । समस्याको समाधान राजनीतिक शक्तिहरूवीच संवादबाट अगाडि बढ्नु पर्नेमा आआफ्नै मनोमालिन्यताका कारण देशको अस्तित्व मेटिने खतरा बढेर गएको छ । अमेरिकाले भेनेज्वेलाको राष्ट्रपतिलाई समातेर लग्यो, विश्व हेरेको हेऱ्यै भएको छ । यो भनेको शक्तिशालीले जे गरे पनि हुन्छ भन्ने हो । नेपालको कमजोर अवस्था भएकाले कतै नेपालको सन्दर्भमा 'लाटाकी जोई सबैकी भाउजु' को अवस्था आउने त होइन ?

फागुन २१ को चुनावमा रास्वपाले चुनाव जित्छ, रास्वपाले चाहेको वालेन साह प्रधानमन्त्री बन्नेछन् भन्ने निकै ठूलो राजनीतिक तरङ्ग उठेको छ । सधैं प्रचण्ड, देउवा, ओलीहरूले जित्नुपर्छ भन्ने छैन । सुवहका भुला, सामको घर आए तो राम्रै हो । पुराना नेताले जनताका सामु निहुरिएर माफी माग्न सकेनन् । १७ वर्षको लोकतन्त्रलाई लुटतन्त्र बनाएकोमा क्षमा मागेनन् । यस्ता निरंकूश भन्दा जनताका सामु माफी मागेर देशको अवस्था, व्यवस्था बदल्छु भनेर आउनेलाई जनताले नै बरण गर्छन्, स्वागत गर्छन्, मत दिन्छन् भने दिन्छन् । जनयुद्ध, जनआन्दोलनबाट आएकाहरूले परिवर्तनको हुर्मत लिए । अरू कोही जनताको आस्थाको सम्मान गर्छु, देशको भार बोक्छु भनेर अग्रसर हुन्छन् भने जनताले अवसर दिए भने त्यो स्वागतयोग्य नै मान्नुपर्छ ।

रविमाथि मुद्दा छ । कानुनले फैसला गर्छ नै । भ्रष्टहरू जो पटक पटक सत्तामा गए, तिनीहरूमाथि पनि मुद्दा चल्नुपर्छ। लोकतान्त्रिक गणतन्त्रका नाममा जुन राजनीतिक अपराध गरेका छन्, अपराधीले दण्ड पाउनैपर्छ । चुनावमा जसले काम गर्छ, उसलाई चुनाव जिताउनुपर्छ, चुनावले साँच्चिकै परिवर्तन ल्याओस् । - भक्तपुर


## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हिटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो वा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

